# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क १९ | २०७३ कार्तिक २९ गते सोमबार | Monday, Nov 14, 2016 | पृष्ठ ८ | मूल्य रु. १०।-


## क्रान्तिकारी माओवादीको बुढानिलकण्ठ नगरकमिटी गठन

**काठमाडौं।** एक भेलाले स्वनाम याङ्कीलामाको संयोजकत्वमा नेकपा (क्रान्तिकारी माओवादी)को पूर्वी काठमाडौं जिल्ला अन्तर्गतको बुढानिलकण्ठ नगरपालिकाको नगर कमिटि गठन गरिएको छ। सो कमिटिका सहसंयोजकमा देवीप्रसाद अधिकारी र जमानसिंह लामा रहेका छन् भने कमिटिका सदस्यहरुमा डल्ले नगरकोटी, हर्कमाया लिम्बु, धनबहादुर राई, सुनिता श्रेष्ठ, विशाल घिसिङ, बलराम विक, विजय तामाङ, रविन्द्र राई, शुशिल विक, संतोष ठकुरी, सविना कार्की, दिलीप कार्की, गोबर्द्धन बुढाथोकी, एलिशा घिमिरे, भीमकुमारी थापा, कुमार मगरातीलगायत रहेका छन् । उक्त भेलामा क्रान्तिकारी माओवादीका पूर्वी काठमाडौं जिल्ला संगठन समिति संयोजक हरिकृष्ण गजुरेल र पार्टीका केन्द्रीय सल्लाहकार पदम भण्डारीको उपस्थिति रहेको थियो।

## देजमो अध्यक्ष गजुरेल युके प्रस्थान



**काठमाडौं।** मंसिर ७ मा नेपाल आइपुग्नेगरी देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष तथा नेकपा (क्रान्तिकारी माओवादी)का बरिष्ठ नेता सिपी गजुरेल आज बेलायत प्रस्थान गरेका छन्। बेलायतमा पार्टी र मोर्चाको संगठन निर्माण र विस्तार गर्ने योजनासहित युके जान लागेको गजुरेलले जानकारी दिए।

पछिल्लो पटक नवसंशोधनवादी तथा दक्षिणपन्थी अवसरवादीहरुले फैलाएको भ्रमका कारण संगठनमा केही समस्या देखिएको उनले बताए । अन्तर्राष्ट्रिय क्षेत्रमा पार्टी र मोर्चाको बलियो उपस्थिति बेलायतमै रहेको पनि उनले दावी गरे । उनका अनुसार भारतमा सबै माओवादीको भन्दा राम्रो पार्टी र मोर्चाको संगठन रहेको छ भने जापान, कोरिया, खाडी मुलुक, युरोपका मुलुकहरु र अमेरिकामा पनि पार्टी र मोर्चाको संगठन रहेको छ । पार्टीका बारेमा फैलाइएको भ्रम चिर्न र संगठन विस्तारको योजनामा नै गजुरेल युके प्रस्थान गरेको मोर्चाको कार्यालय स्रोतले जनायो।

# क्रान्तिकारी माओवादी 'एक चीन नीति'प्रति प्रतिबद्ध

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

नेकपा (क्रान्तिकारी माओवादी)ले एक चीन नीतिप्रतिको प्रतिबद्धता दोहोऱ्याएको छ । क्रान्तिकारी माओवादीले नेपालको असंलग्न परराष्ट्र नीति र पञ्चशीलका मान्यता तथा मापदण्डविरुद्ध कतिपय गम्भीर प्रकृतिका गतिविधि हुँदै आएकोमा पार्टीको विशेष ध्यानाकर्षण भएको समेत जनाएको छ । एक अर्को मुलुकको सार्वभौमिकता, राष्ट्रिय स्वाधीनता र आन्तरिक मामिलामा अहस्तक्षेपको मान्यता र एक चीन नीतिप्रति पार्टी दृढ रहेको क्रान्तिकारी माओवादीले पुनः सार्वजनिक गरेको छ। बिहीबार सम्पन्न पार्टीको सचिवालय बैठकले लिएका निर्णय सार्वजनिक गर्दै क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्य'किरण'ले एक चीन नीतिप्रतिको प्रतिबद्धता दोहोऱ्याएका हुन्।



भारतको सत्तारुढ पार्टी विजेपीको थिंक ट्यांक मानिने इण्डिया फाउण्डेसनको आयोजनामा योजनाबद्ध रुपमा दलाई लामाको छायाँ सरकारका प्रधानमन्त्री लोब्साङ साङ्गे र दलाई लामाको भिडियो सम्बोधन गर्ने कार्यक्रमसँगै नेपालका वेटिङ प्रधानमन्त्रीको रुपमा रहेका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई निम्त्याएर सम्बोधन गर्न लगाएपछि नेपाल सरकार र नेपालका राजनीतिक पार्टीहरुको एक चीन नीतिप्रतिको दृष्टिकोण चीनले माग गरेको छ।

चौतर्फी आलोचना भएपछि र चीनले समेत प्रश्न उठाएपछि नेपाली कांग्रेसले विज्ञप्ती जारी नै गरेर दलाई लामासँगको भेटको खण्डन गरेको छ र एक चीन नीति आफूहरुको विश्वास भएको कुरा व्यक्त गरेको छ । तर मिडियामा भने दलाई लामाका प्रधानमन्त्री साङ्गेसँग देउवाको दोहोरो कुरा भएको समेत सार्वजनिक भएको छ। साङ्गेले देउवालाई 'तिब्बतीहरुमाथि नेपाली नागरिक सरह व्यवहार होस्' भनेका थिए । कतिपय पत्रपत्रिकामा 'देउवाले यसरी ढाँटे चीनलाई' भन्ने ब्यानरमै साङ्गेसँगै मञ्चमा बसेको तस्बीरसमेत सार्वजनिक गरेका छन्।

२५ बुँदेसँगै भारतीय सत्तासिन वर्गसँग लम्पसार पर्दै आएको देउवा-दाहाल गठबन्धन सरकारले गम्भीर कुटनीतिक असन्तुलन पैदा गराएको छ । देउवाको दलाई लामासँगको भेटले त चीनले नेपालको चीन नीतिप्रतिको प्रतिबद्धतामाथि नै प्रश्न उठाउने स्थितिमा पुऱ्याइदिएको मात्रै छैन निर्धारित पारवहनसम्बन्धी बैठक समेत चीनले एकतर्फी रुपमा स्थगित गर्न पुगेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'ले भारत भ्रमणको क्रममा जारी गरेको २५ बुँदे संयुक्त वक्तव्यदेखि यताका घटनाक्रमहरुले नेपालको कुटनीति असन्तुलित मात्रै भएको देखिएको छैन, नेपालको असंलग्न परराष्ट्र नीति र पञ्चशीलको मान्यता तथा मापदण्डविपरीत गम्भीर प्रकृतिका गतिविधि राज्यका जिम्मेवार व्यक्तिहरुबाट हुँदै आएको छ। यसैबीचमा काठमाडौं स्थित आर्ट ग्यालरीमा भएको एक कार्यक्रममा ताइवानको झण्डा फहराउने काम गरियो । चीनले विगत लामो समयदेखि नेपालमा तिब्बतीयनहरुबाट चीनविरोधी गतिविधि नहोस् भन्दै आएको छ। र, एक चीन नीतिप्रति नेपालको प्रतिबद्धताको माग गर्दै आएको छ।

हत्तपत्त नबोल्ने चीनले एक चीन नीतिप्रति नेपालको प्रतिबद्धतामाथि प्रश्न उठाउनु भनेको नेपाल इण्डो-अमेरिकन ब्लकमा पुगिसक्यो भन्ने उसको निष्कर्ष भएको हुनसक्ने दावी गर्छन्, क्रान्तिकारी माओवादीका बरिष्ठ नेता सिपी गजुरेल । '२५ बुँदेपछि नेपालको सुरक्षा र परराष्ट्र नीति इण्डिएन अम्रेलामा गएको' विश्लेषण चिनियाँहरुले गर्न थालेको गजुरेलले दावी गरे।

**मंसिर १० मा विरोध प्रदर्शन गरिने**

क्रान्तिकारी माओवादीले राष्ट्रियता, जनतन्त्र र जनजीविका लगायतका विषयलाई लिएर आउदो मङ्सिर १० गते देशव्यापी रुपमा विरोध प्रदर्शन गर्ने निर्णय गरेको छ। संघर्षका कार्यक्रमहरु राज्य तथा जिल्लाले आफ्नो सापेक्षतामा दिनसक्ने पनि पार्टीको सचिवालय बैठकले निर्णय गरेको छ। ... बाँकी ७ पेजमा

# देजमोको संगठन विस्तारमा तीव्रता

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

नेकपा (क्रान्तिकारी माओवादी)को संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको देशव्यापी संगठन विस्तारले तीव्रता लिएको छ। संसदवादी पार्टीहरुप्रति बढ्दो वितृष्णाले देजमोप्रति जनताको विश्वास र आकर्षण बढेर गएको छ।

क्रान्तिका तीन जादुगरी हतियारमध्ये एकको रुपमा रहेको यस मोर्चाले नयाँ जनवादी क्रान्तिको कार्यभार पूरा गर्न सहायक भूमिका खेल्ने मोर्चाले जनाउँदै आएको छ। खासगरी वैधानिक मोर्चाबाट आफ्ना राजनीतिक गतिविधिमार्फत् मोर्चाले क्रान्तिकारी माओवादीका लक्ष्य पूरा गर्न भूमिका खेल्नेछ।

नेपाली राजनीतिको वैकल्पिक शक्तिको रुपमा अगाडि आउँदै गरेको क्रान्तिकारी माओवादीको संयुक्त मोर्चाप्रति जनताको आकर्षण र संगठित हुने क्रम दिन दिनै बढ्दै गएको छ।

**देजमोको कोचिला संयोजकमा मनोज श्रेष्ठ**

देशभक्त जनगणतान्त्रिक मोर्चाको कोचिला राज्य समितिको प्रथम भेलाबाट मनोज श्रेष्ठको अध्यक्षतामा ३५ सदस्यीय समिति गठन भएको छ।

समितिको सदस्यहरुमा पशुपति आचार्य, शान्तिराम गिरी, तिलक मगर, गोविन्द रिजाल, होम चन्द्र घिमिरे, गौरव राई, सुमित्रा चौधरी, जसोदा राई, चेतराज राजवंशी, टिका पाठक रहेका छन्।



मनोज श्रेष्ठ

यस्तै उमानाथ ढकाल, पदम तामाङ, योगेन्द्र राजवंशी, तेज लकान्द्री, मणि लिम्बु, पदम गिरी, सन्तोष सरकार, फुलथुंगा खतिवडा, जोगेन्द्र मुखिया, होमबहादुर अधिकारी, अयुब मिया, देवान तामाङ, जगनारायण चौधरी, मजिवुर रहमान, भोजराज कोइराला, नरेन्द्र नेम्वाङ, मोहन उप्रेती, भिम लामा, भैरव राजवंशी पनि सदस्यमा चयन भएका छन्।

नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य केदार गुरागाईको प्रमुख आतिथ्यमा भएको भेलाले ६ जनाको कार्यालय र १७ जनाको सचिवालय समेत गठन गरेको छ।

यसैगरी कोचिला राज्यका तीन वटै जिल्लाका संयोजक पनि चयन गरिएको छ। जसअनुसार सुनसरी संयोजकमा पशुपति आचार्य, मोरङ संयोजकमा शान्तिराम गिरी र झापा संयोजकमा होमचन्द्र घिमिरे रहेका छन् भने राज्य ... बाँकी ८ पेजमा

# डा.गोविन्द केसीको १० औं आमरण अनसन

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

त्रिवि शिक्षण अस्पतालका डा. गोविन्द केसीलाई राज्यले १० औं पटक आमरण अनसन बस्ने स्थितिमा पुऱ्याएको छ। त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम)को डिन वरिष्ठताका आधारमा नियुक्त गर्नुपर्नेसहितका माग राख्दै डा. केसीले आइतबार अपराह्नबाट अनसन थालेका छन्।

डा. केसीले डिन नियुक्त गर्न सरकारलाई आइतबार २ बजेसम्मको अल्टिमेटम दिएका थिए । राजनीतिक भागबण्डा र माफियाहरुको डिजाइनमा त्रिभुवन विश्वविद्यालयले डा. केशवप्रसाद सिंहलाई नियुक्त गरेको भन्दै डा. केसीले भने अस्वीकार्य भएको बताएका छन्। उनले वरिष्ठताका आधारमा डा. जगदिशचन्द्र अग्रवाललाई डिन नियुक्त गर्नुपर्ने माग गर्दै आएका छन्।

**यस्ता छन् डा.केसीका मागरु**

१) वरिष्ठताका आधारमा तत्काल आइओएममा डीन नियुक्त गरियोस्, साथै नियुक्तिमा चलखेल गर्ने त्रिवि उपकुलपति तीर्थ खनियाँलाई बर्खास्त गरियोस्।

२) एमबीबीएस र बीडीएस कार्यक्रमको शुल्क अघिल्लो साल कार्यान्वयनमा आए भैं (एमबीबीएसः उपत्यकाभित्र ३५ लाख, उपत्यकाबाहिर ३८.५ लाख, बीडीएसः २० लाख) यो वर्ष पनि कायम गर्न तत्काल विश्वविद्यालयहरुलाई निर्देशन दिइयोस्।

३) आइओएमलाई पूर्ण स्वायत्तता संस्था बनाइयोस् । त्यसो नहुन्जेल पहिलेको सहमतिबमोजिम अधिकतम आर्थिक, प्रशासनिक र शैक्षिक स्वायत्ततालाई पूर्ण कार्यान्वयनमा ल्याइयोस्।

४) चिकित्सा शिक्षा ऐन नआउँदै बिस्तारित कार्यक्रम वा अन्य कुनै वहानामा नयाँ मेडिकल कलेजलाई सम्बन्धन नदिइयोस्।

५) संसदबाट चिकित्सा शिक्षा ऐन पारित ... बाँकी ८ पेजमा

# ईष्ट इण्डिया कम्पनी, स्वतन्त्र नेपाल र स्वाधीनताको सवाल

ईष्ट इण्डिया कम्पनीले औपनिवेशिक शासनको विस्तार गरिरहेको अवस्थामा एक पछि अर्को गर्दै साना साना राजाहरु आत्मसमर्पण गर्दै कम्पनीले दिएको भत्ता थाप्दै बस्न थाले । 'झाँसीकी रानी' जस्ता स्वाभिमानी देशभक्त चरित्रका केही भारतीय राजा रजौटा बाहेक अधिकांश कम्पनीको ताबेदारी गर्ने सामन्तको हैसियतमा नै सन्तुष्ट हुने प्रवृत्ति भएकाहरु थिए। त्यसकारण ईष्ट इण्डिया कम्पनीलाई भारतमा औपनिवेशिक शासन विस्तार गर्नमा हौसला मिलेको थियो।

ईष्ट इण्डिया कम्पनी प्रशासनको निम्ति ठूलै चुनौती खडा गरेको त्यहाँका आदिवासी जनजातिहरु थिए । यद्यपि तिनीहरुको चेतना स्तर न्युन रहेको थियो । तरपनि ब्रिटिस अधिकारी र तिनका एजेण्डाहरुलाई आदिवासी भूमिमा बसेर मनमानी गर्न छुट दिन त्यहाँका आदिवासीहरु तयार थिएनन्। कम्पनीको औपनिवेशिक शासन प्रारम्भ भएपछि आदिवासीहरु चर्को आर्थिक शोषण तथा अमानवीय अत्याचारको सिकार हुनुपरेको थियो।



कमल चौधरी

सुरुमा जमिन्दार, व्यापारी, साहु, महाजन, ठेकेदार आदिका विरुद्धमा जनजातिहरु उठे र पछि ब्रिटिस प्रशासनको विरोध गर्न थाले। सन् १७६९ मा पश्चिम बंगालको मिदनापुर जिल्लामा ब्रिटिस प्रशासनले लगाएको जग्गा कर विरुद्ध आन्दोलन सुरु गरे । जनतातिहरुले पनि अठारौं शताब्दीमा ब्रिटिस शासनविरुद्ध संघर्षमा उत्रिए । बिहारमा सन् १७७८ मा मालपहाडी विद्रोह, सिंहभुम विद्रोह (१८३२), सन्थाल विद्रोह १८५५-५६, आसाममा गारो-खासी विद्रोह १८३७, नागा, लुसा, कुकीको ब्रिटिस क्याम्पमाथि आक्रमण (१८६०) मुण्डा विद्रोह तथा राजस्थान, गुजरात र मध्यप्रदेशमा ब्रिटिस शासनविरुद्ध विद्रोहमा उत्रिए।

यी यस्ता विद्रोह थिए, जुन दमनका बाबजुद फैलदै गए। उत्तरपूर्वी पहाडी भूमिमा विद्रोह दबाउन ब्रिटिस प्रशासन असफल रह्यो। सन्थाल विद्रोहलाई नेतृत्व गर्ने सिधो-कानु दाजुभाईले ब्रिटिस शासनलाई नराम्रो गरी हल्लाइदिए । तिनीहरु लडाईमै मारिए तर ब्रिटिस शासन सन्थालहरुका लागि सुधारको कार्यक्रम ल्याउन बाध्य भयो । सन्थाल प्रशासनको घोषणा गरियो। त्यस्तै बिर्सा मुण्डाको नेतृत्वमा छोरा नागपुरमा ब्रिटिस उपनिबेश र जमिन्दार विरुद्ध मुण्डा विद्रोह लामो समयसम्म चल्यो। वास्तममा सन् १८५७ को सिपाही विद्रोह जो भारतभरि फैलियो र ब्रिटिस शासनका निम्ति गम्भीर चुनौती खडा गरिदियो।

औपनिवेशिक शासन विस्तारमा लागेको ईष्ट इण्डिया कम्पनी तथा गोर्खा राज्य विस्तारमा लागेको गोर्खाली गोर्खाली शासकहरुको टकराव अंग्रेजको उपनिवेशवादी र गोर्खालीहरुको विस्तारवादी र सैन्यवादी प्रवृत्तिको कारण सन् १८१४ मा ब्रिटिस हस्तक्षेपबाट सुरु भएको थियो। ब्रिटिस उपनिबेशवादद्वारा लादिएको युद्धको अन्त्य सन् १८१६ को सुगौली सन्धीद्वारा गरियो । जसमा नेपालले भारी क्षति बेहोर्नु पऱ्यो। नेपाल अर्धऔपनिवेशिक जालमा फँस्यो।

गोर्खाली सेनाले विस्तार गरेका भनौं या आर्जेको भूमि, महाकाली नदी पश्चिमका सम्पूर्ण भाग र मेची नदी पूर्वको भाग, चुरेदेखि दक्षिणको केही जमिन नेपालले गुमायो । पछि नेपालका राजाको आग्रहमा कम्पनीले चुरेदेखि दक्षिणको केही जमिन फिर्ता गरियो । त्यसपछि १८५७ को सिपाही विद्रोहलाई दमन गर्न जंगबहादुरले सेना पठाई सहयोग गरेबापत बाँकेदेखि कञ्चनपुरसम्मको भूभाग १८६० मा फिर्ता दिएको थियो। भन्नुपर्दा गोर्खालीले अर्जेको भन्दा बढी जमिन अझै ईष्ट इण्डिया कम्पनीले कब्जा गरिने राख्यो । यसरी पृथ्वीनारायण शाह र उनका बंशजले अर्जेको भन्दा भन्ने गरिएको जग्गा बाँकी रहेन। जहाँसम्म एकीकरणको कुरा छ, त्यो भारतमा ब्रिटिस शासनले र नेपालमा पृथ्वी नारायणले एकात्मक शासनको रुप दिए। ... बाँकी ७ पेजमा

## सम्पादकीय

# कम्युनिष्ट क्रान्तिकारीहरुको ध्रुवीकरणको आवश्यकता

हालै सम्पन्न नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)को केन्द्रीय सचिवालय बैठकले विभिन्न घटकमा छरिएर रहेका कम्युनिष्ट क्रान्तिकारीहरुलाई एकताबद्ध तुल्याउन पहल गर्ने निर्णय गरेको छ । यसलाई अन्य वामपन्थी तथा क्रान्तिकारी घटकहरुले सकारात्मक रुपमा लिएका छन् ।

नेकपा (क्रान्तिकारी माओवादी)लाई नेपाली कम्युनिष्ट आन्दोलनको वैचारिक केन्द्र मान्ने थुप्रै कम्युनिष्ट क्रान्तिकारीहरु छन् । यो पार्टीले ' एकताका ६ आधार' भनेर यसभन्दा अगाडि छलफलमा ल्याएको प्रस्तावको आधारमा स-साना समूहमा छरिएर रहेका कम्युनिष्ट क्रान्तिकारीहरुलाई गोलबद्ध गर्दा पार्टी र क्रान्तिलाई नै फाइदा पुग्न सक्छ ।

नेकपा (माओवादी केन्द्र) भित्र रहेका क्रान्तिकारीहरु पार्टीको दक्षिणपन्थी नवसंशोधनवादी लाइनभित्र उकुस मुकुस अवस्थामा रहेका छन् । अधिकांशतः उनीहरु नेकपा (क्रान्तिकारी माओवादी)लाई वैचारिक केन्द्र मान्दछन् । एकताभन्दा पनि ध्रवीकरणको पहल क्रान्तिकारी माओवादीले गर्ने हो भने त्यस्ता क्रान्तिकारीहरु फेरि पनि एक ठाउँमा ध्रुवीकृत हुनसक्ने सम्भावना बलियो देखिन्छ । २५ बुँदेदेखि भारतीय राष्ट्रपतिको भ्रमणसम्म आइपुग्दा माकेभित्र रहेका क्रान्तिकारीहरुलाई प्रचण्डको भारतीय शासकवर्गसँग लम्पसारवादी चरित्रले त्यहाँ बस्नै नसक्ने अवस्थामा पुऱ्याएको छ । समाजवादी क्रान्तिको नारा दिने माके अहिले प्रतिक्रियावादी कित्तमा पुगिसकेको छ । कांग्रेस-एमालेभन्दा पनि बढी राष्ट्रघात गरेर अहिले नेकपा (लम्पसारवादी केन्द्र)को उपमा पाएर बद्नाम छ ।

त्यसैगरी, मध्यम वर्गलाई क्रान्तिको आधारभूत शक्ति भन्दै यही प्रतिक्रियावादी सत्तामा भागवण्डाको माग गर्दै एकीकृत जनक्रान्तिको नारा फलाकीरहेको विप्लव माओवादीले पनि अब भ्रम दिने स्थिति गुमाउँदै गएको छ । क्रान्तिको सपना बोकेर विप्लवका पछाडि लागेका अधिकांश युवाहरु अहिले निराश हुन थालेका छन् । त्यसमाथि विप्लवले मालेमावादी सिद्धान्त पुरानो भएको भन्दै एकीकृत जनक्रान्तिको कार्यदिशाको गन्तव्य स्पष्ट नभएपछि उनीहरु पनि क्रान्तिकारी माओवादीतर्फ आकर्षित बन्न थालेका छन् । अन्य साना समूहहरु पनि विचार र क्रान्तिको रक्षा, प्रयोग र विकासका निम्ति क्रान्तिकारी माओवादीको विकल्प नरहेको भन्दै ध्रवीकरणमा आउन खोजिरहेको देखिन्छ ।

यस पृष्ठभूमिमा नेकपा (क्रान्तिकारी माओवादी)ले सचिवालयको बैठकबाट क्रान्तिकारीहरुको ध्रुवीकरण वा एकताको ढोका खुल्ला गर्नु नितान्त समसामयिक देखिएको छ ।

नेपाली कम्युनिष्ट आन्दोलनमा जीवित रहेको यो क्रान्तिकारी धारलाई सिध्याउन ठूल्ठूला जालझेल, षड्यन्त्र र आक्रामणहरु भए । दक्षिणपन्थी हावाहुरी र ज्वारभाटाका अगाडि निकै मै हुँ भन्ने क्रान्तिकारीहरु पनि ढल्न पुगे । दक्षिण र वाम अवसरवादका डरलाग्दा आक्रमणहरुबाट बचाएर क्रान्तिकारी धारलाई पुनः स्थापित गरेर क्रान्तिको नयाँ ढंगको तयारीमा क्रान्तिकारीहरुलाई गोलबद्ध गर्न सक्ने कुरा क्रान्तिकारी विचार, भीषण वर्गसंघर्ष र अन्तर्संघर्षबाट खारिएको व्यक्तित्व र नेतृत्व भएका कारण मात्र सम्भव भएको हो । प्रचण्ड-बाबुरामले रच्छ्यानमा मिल्काइसकेको क्रान्तिको झण्डालाई उठाएर त्यसपछि पनि निरन्तर विश्वास र भरोसा गरेका पात्रहरुकै धोका र गलत प्रवृत्तिका विरुद्ध लडेर पार्टी र क्रान्तिलाई बचाउनु सामान्य र सहज कुरा थिएन । यसर्थमा कमरेड किरणलाई नेपालको क्रान्तिकारी कम्युनिष्ट तथा माओवादी आन्दोलनले सँधै सलाम गरिरहने छ र यही अर्थमा स्मरण गरिरहनेछ ।

मालेमावादी सिद्धान्त समय सापेक्ष परिमार्जित होइन, परिस्कृत हुँदै जाने सिद्धान्त हो । युग अनुकूलका विशेषताहरुले मालेमावादी सिद्धान्तलाई समृद्ध तुल्याउन सक्छ, तर मालेमावाद कहिल्यै पुरानो हुने सिद्धान्त होइन । यसर्थ, मालेमावादी सिद्धान्त निष्ठताका आधारमा नै ध्रुवीकरण तथा एकताको प्रक्रिया अगाडि बढाइन जरुरी छ । यो समयको माग पनि हो ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निशपक्ष खबर तथा विचारका लागि सँधै हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com

# 'अराजकतावाद'बारे एक छलफल

कानुनमा धेरैवटा धाराहरु हुन्छन् । कानुनका विद्यार्थीले पास हुनका लागि ती धाराहरु घोकेर कण्ठ पारेपनि लामो समय प्रयोगमा आएन भने ती बिर्सन्छन् । कुनै मुद्दा पऱ्यो भने र ती धारा प्रयोग गरेर बहस गऱ्यो भने कुन धारामा के लेखेको छ, जीवनभर कहिल्यै बिर्सिन्न । पार्टी जीवनमा पनि खास खास मोडमा खास खास प्रवृत्तिले दुःख दिन्छ । त्यो प्रवृत्तिमाथि बिजयी पाउन त्यसका विशेषताहरुको अध्ययन गरेर पार्टीमा पनि बहस हुने गर्छ र ती प्रवृत्तिहरुसँग गरिएका बहस लामो समयसम्म दिमागमा ताजा भएर बसिरहन्छ । यसलाई पार्टी शुद्धिकरण वा रुपान्तरण अभियान पनि मान्न सकिन्छ । पार्टी शुद्धिकरण अभियान चलाउदा दोष निवारण कार्यक्रम चलाईन्छ । सन् १९४२ मा चिनियाँ कम्युनिष्ट पार्टीले यस्तै दोष निवारण कार्यक्रम चलाएको थियो । अध्यक्ष क.माओको नेतृत्वमा चलाएको कार्यक्रमले कम्युनिष्ट पार्टीलाई थप बलियो र मजबुत बनाएको थियो । अहिले नेपाली कम्युनिष्ट आन्दोलनमा अराजकतावादको समस्या देखापरेको छ ।

निरन्तरतामा क्रमभंग भएर विधान र व्यवस्था भंग भएर एउटा विद्रोह र अव्यवस्था खडा भएको समय हो यो । कुनै कुरा बुझ्नु र त्यसलाई आत्मसाथ गर्नु, सोही अनुसार आचरण गर्नु र व्यवहारमा लागु गर्नु फरक कुरा हो । एउटा अव्यवस्था र गन्जागोलले अर्को अव्यवस्था सिर्जना गर्दछ । निम्न पुँजीवादी प्रवृत्ति हावी भएको समाजमा सन्तुलित व्यवहार पाउन कठिन हुन्छ । कि दबिनु, कि दबाउनु, समानताको व्यवहार गर्न र पाउनै गाह्रो । कि नोकरशाही केन्द्रीयता कि अतिजनवाद, जनवादी केन्द्रीयताको ठीक अभ्यास पाउनै गाह्रो । सुत्रमा जनवादी केन्द्रीयताका पाँच वटा नियम भन्न र कण्ठ पार्न जति सजिलो छ, जीवन व्यवहारमा ठीकसँग त्यसलाई उतार्न निकै कठीन छ । कसैले यो सर्वहारा जनवादलाई दर्शन, विचार, सिद्धान्त र राजनीतिभन्दा माथि राखेर विश्व ब्रम्हान्ड नै यही हो भनेर सिद्धान्त प्रर्दशन गर्छन् । न कसैले दर्शन, विचार, सिद्धान्त र राजनीतिमा आधार भूत सहमति हुँदाहुँदै पनि विधान नमानेर विधान भनेको तोड्नकै लागि भन्ने अपब्याख्या गर्छन् ।

नेपाली कम्युनिष्ट आन्दोलन यतिबेला टुटफुट, अव्यवस्था, अविश्वासको चरणबाट गुज्रिरहेको छ । गठन, विघटन, पुर्नगठन र पुनर्निर्माणको चरणबाट गुज्रिरहेको छ । यस्तोमा मूल समस्या अराजकताको हुन्छ । हामी एउटा श्रद्धावादबाट उछिट्टिएर शंकावादको भुंग्रोमा खसेका छौं । आफूले सापेक्षित रुपमा विश्वास गरेको पार्टी नीति र नेतृत्वप्रति विरोधी पार्टीलाई जत्तिकै आरोप लान्छना र आक्रमण गर्छौ भने हाम्रो पार्टी प्रतिबद्धता कहाँ रह्यो, हामी पार्टीमा हुनु र नहुनुको भेद कहाँ रह्यो ? अराजकतावादको मुख्य समस्या कहाँ हो भने कुनैपनि अनुशासन, नीति र नेतृत्व नमान्ने, सत्ता नमान्ने, स्वतन्त्र हुने हो । साम्यवाद एउटा स्वतन्त्रता हो । मानिस पंक्षी झैं स्वतन्त्र हुन्छ । जहाँ शोषक र शोषित हुदैनन्, देशको सिमाना हुँदैन, सेना पुलिस हुँदैन । क्षमताअनुसार काम र आवश्यकता अनुसारको माम हुन्छ । के भविष्यको सत्यलाई हामीले वर्तमानमा लाद्न सक्छौं, यसबारे राज्य र क्रान्तिमा लेनिनले विस्तृत व्याख्या गर्नुभएको छ । र, राज्यसत्ता भनेको विरोधी वर्गलाई दबाउने हतियारबाहेक केही होइन भन्नु भएको छ । त्यसैगरी वर्गसंघर्षलाई जसले सर्वहारा अधिनायकत्वमा पुऱ्यादैन, ऊ कम्युनिष्ट हुन सक्दैन भन्नुभएको छ । समाज विकासको छैंठौं खुड्किलोको साम्यवादलाई हामीले वर्तमान नेपाली समाज, अर्धसामन्ती एवं अर्ध नवऔपनिवेशिक अवस्थामा रहेको तेस्रो खुड्किलामै प्रयोग गर्न सक्दैनौं । नयाँ जनवाद हुँदै साम्यवादसम्म पुग्दा त्यस किसिमको भौतिक वातावरण बन्छ र त्यही उन्नत चेतनाले मात्र हामीले साम्यवादी व्यवस्था लागु गर्न सक्दछौं । केही मानिसहरु के ठान्छन् भने अराजकतावाद दक्षिणपन्थी अवसरवाद, सुधारवाद, संशोधनवाद, नव संशोधनवाद र संसदवादजस्ता खराब प्रवृत्तिभन्दा राम्रो हो । यसलाई सच्याउन सकिन्छ र लिकमा हिँडाउन सकिन्छ भन्ने गर्छन् । अराजकतावाद भनेको एउटा निश्चित प्रवृत्ति होइन । क्रान्तिकारी मार्क्सवादका ३ वटा शत्रु प्रवृत्ति वाम, मध्य र दक्षिणपन्थी । यी तीन प्रवृत्तिमा यो अराजकतावाद पाइन्छ । मानिसहरुले सोचेजस्तो अराजकतावादी प्रवृत्ति, उग्रवामपन्थी प्रवृत्तिमा मात्र पाइने प्रवृत्ति होइन । कम्युनिष्ट आन्दोलनभित्रका गलत प्रवृत्तिहरुका अनुयायीहरुले पनि आफ्नो सोच विचार र नीति अनुरुपको पार्टी र नेतृत्वलाई सम्मान र स्थापित गर्दछन् । अराजकतावादले साम्यवादमा सत्ता विलोपिकरण हुने हुँदा कुनैपनि मियो सत्ता, पार्टी नेतृत्वलाई मान्दैन र फुक्का कार्ल मार्क्सको भाषामा जंगी घोडाजस्तै दौडिन्छ । पहिलो अन्तर्राष्ट्रियमा मार्क्स र एंगेल्सलाई कसैले दुःख दिएको थियो भने ती हुन् अराजकतावादी बाकुनिन र प्रुधोहरु । उनीहरुले अनुशासन नमानेकै कारण पहिलो अन्तर्राष्ट्रिय नै विघटन गर्नुपरेको थियो । पेरिस कम्युनमा विद्रोहको तयारी अझ पुगेको छैन भनेर भन्दा भन्दै प्रुधो, बाकुनिकहरुले विद्रोह सुरु गरिहाले । यद्यपि मार्क्स र एंगेल्सले विद्रोह सुरु गरेपछि भने पुरै समर्थन गरेका थिए । निम्न पुँजीवादी प्रवृत्तिको बोलवाला भएको नेपाली कम्युनिष्ट आन्दोलनमा वीर, पुँजीवादी दृष्टिकोण अधिक हुनेहुँदा आकाशको पानी पनि इन्द्र देवताले पारिदिन्छन् र घाम पनि सूर्यदेवताले लगाइदिन्छन् भनेर विश्वास गर्ने हुँदा सामूहिक नेतृत्वमा कम विश्वास हुन्छ । वीरको नाममा व्यक्तिको नाममा सजिलै संगठित हुने प्रवृत्ति विद्यमान हुन्छ । हामी कम्युनिष्ट आन्दोलनमा भर्खरभर्खर लाग्दा एउटा हल्ला चलेको थियो । नेपालमा एउटा यस्तो कम्युनिष्ट नेता छ रे, जसको घरको तलामा घोडा जान्छ रे, आफ्नै बाबुको तमासुक च्यातेर कम्युनिष्ट आन्दोलनमा लागेको रे भनेर । त्यो नेताको नाम सुन्दै रोमान्चित हुने र त्यो पार्टीमा लाग्न पाए कस्तो हुन्थ्यो भन्ने लाग्थ्यो । त्यो नेता अरु कोही नभएर मोहनविक्रम सिंह थिए । कैयौ युवाहरु २०३६/०३७ सालको आन्दोलनबाट उत्पादन भएकाहरु पार्टी चौथो महाधिवेशनमा भर्ना भएर देशको सबैभन्दा बलियो भूमिगत कम्युनिष्ट पार्टी बनेको थियो । यो कुरा बेग्लै हो कि उनै मोहनविक्रमले अन्तरवार्ता दिएर तमासुक च्यातेको कुराको खण्डन गरे । भावनाबाट उत्प्रेरित भएर पार्टीमा लाग्ने र विचार र राजनीतिबाट सम्मृद्ध हुने हो । नश्यन्ती 'नश्यन्ती अनायका, विनश्यन्ती बहुनायक' अर्थात् 'नेता भएन भने नाशिन्छ र धेरै नेता भए भने झन विनास हुन्छ' भनेजस्तै एउटा व्यक्तिलाई अत्याधिक माथि उठाउँदा व्यक्ति पूजाको स्तरमा पुऱ्याउँदा र उसले धोका दिँदा सबै नेता उस्तै हुन्छ भनेर आम विश्वास



चन्द्रहरि सुवेदी 'अटल'

> **कम्युनिष्ट आन्दोलनभित्रका गलत प्रवृत्तिहरुका अनुयायीहरुले पनि आफ्नो सोच विचार र नीति अनुरुपको पार्टी र नेतृत्वलाई सम्मान र स्थापित गर्दछन् । अराजकतावादले साम्यवादमा सत्ता विलोपिकरण हुने हुँदा कुनैपनि मियो सत्ता, पार्टी नेतृत्वलाई मान्दैन र फुक्का कार्ल मार्क्सको भाषामा जंगी घोडाजस्तै दौडिन्छ ।**

हुन्छ । पेरुमा अमेरिकी समाजशास्त्रीले लामो अध्ययन गरेर सिद्धान्त, पार्टीको कार्यक्रम भन्दा गोञ्जालोको नाममा मानिस बलिदान दिन तयार हुने निचोडसहित लाखौ मानिस मार्नुभन्दा एउटा गोञ्जालो गिरफ्तार गर्नु बढी फाइदा हुने रिपोर्ट दिएपछि अमेरिकी साम्राज्यवादको प्रत्यक्ष निर्देशनमा पुलिस हेडक्वार्टर 'डेन्कोट्टे' को प्रत्यक्ष संलग्नतामा गोञ्जालोलाई गिरफ्तार गरेपछि पेरुको आन्दोलन ध्वस्त भयो । त्यसैगरी नेपालमा प्रचण्डपथ नामाकरण गरेर प्रचण्डलाई व्यक्ति पूजाको स्तरमा उठाउँदा प्रचण्डले धोका दिनसाथ सबै पार्टी र नेता उस्तै हुन् भन्ने आम विश्वास सिर्जना भयो । त्यसकारण व्यक्ति ठीक हुँदासम्म नेतृत्वलाई स्थापित गर्ने मियो झै अरुको वरिपरी गोलबन्द हुने र पार्टी र क्रान्तिको कामलाई निरन्तर अघि बढाउनु नै द्वन्द्ववाद हो । उदाहरणका लागि आफ्ना महान गुरु प्लेखानोबको किताब नपढिकन कोही कम्युनिष्ट हुन सक्दैन भनेर लेनिनले भन्नुभयो । तर जब १९०५ को सशस्त्र विद्रोह रुसमा असफल भयो र प्लेखानोबले हतियार उठाउनु हुँदैनथियो भनेर आन्दोलनको विरोध गरे । लेनिनले आफ्नो गुरुको भण्डाभोर गर्नुभयो र हतियार उठाउनुमा होइन दह्रोसँग उठाउन नसकेर विजयमा पुऱ्याउन नसकेर चाँहि गल्ती भयो, अब राम्रोसँग तयारी गरेर झन ठूलो विद्रोह गर्नुपर्छ भनेर १२ वर्षको तयारी गरेर १९१७ को अक्टोबर क्रान्तिमार्फत् सोभियत सत्ता आफ्नो हातमा लिनुभयो । त्यसकारण वीरपूजा र व्यक्तिपूजा प्रवृत्ति पनि गलत हो । नेतृत्व ठीक रहुन्जेल नेतृत्वलाई केन्द्रीकरण गर्ने, स्थापित गर्ने काम नगर्नु पनि गल्ती हो । हाम्रोजस्तो निम्न पूँजीवादी प्रवृत्ति भएको समाजमा एकपटक नेतृत्वलाई स्थापित गरिसकेपछि उसले गल्ती गर्दासमेत ऊ नभई क्रान्ति र पार्टीको काम अघि बढ्न सक्दैन भन्नु र उसको फेर समेत समातेर पिछलग्गु बनिरहने खतरा हुन्छ । मानिस जन्मता स्वतन्त्र जन्मन्छ र उ स्वतन्त्र हुन चाहन्छ । पंक्षी जस्तै आकाशमा कावा खाँदै उड्न चाहन्छ । यो त उसको कल्पित चाहना हो । तर उ आवश्यकताको डोरीले बाँधिएको हुन्छ । आवश्यकता र स्वतन्त्रताको द्वन्द्ववाद नबुझ्दा वा बुझ पचाउँदा मानिस अराजकतावादी फन्दामा फँस्छन् । मानिसले आफूले भनेको अनुसार भएन भने स्वतन्त्रताको धक्कु लगाउँदछ । विगतमा माओवादी पार्टीमा यस्तै भएको थियो । सत्ताको महत्व राम्रोसँग बुझेका बाबुरामलाई पहिलो पटक , जब सत्ता र संघर्षको साधन संयुक्त मोर्चा, तत्कालीन संयुक्त जनमोर्चाबाट हटाएर पम्फा भसाललाई त्यसको अध्यक्ष बनाइयो । बाबुराम पार्टीबाट स्वतन्त्र भएर विद्यावारिधिको थेसिस गर्न (लेख्न) जान्छु भनेर घुर्की लगाए । दोस्रो पटक जब २०६१ सालमा नेतृत्व केन्द्रीकरणको नाममा पार्टी सत्ता (संयुक्त मोर्चा) र सेना ३ वटै जादुगरी हतियारको जिम्मा प्रचण्डले आफ्नो हातमा लिए । बाबुरामले फेरि स्वतन्त्रताको नारा घन्काउँदै सर्वसत्तावादको डम्फु बजाएर पार्टी र क्रान्ति चौतर्फी घेराबन्दी र अफ्ट्यारोमा परेको बेला कडा भूमिगत अवस्थामा पनि चार बुँदे र १२ बुँदे पत्रमार्फत् आफ्ना स्वतन्त्रताका विचार प्रतिक्रियावादी सञ्चारमाध्यममा सार्वजनिक गरे । पार्टीमा भीषण दुई लाइन संघर्ष चल्यो । आफूले भनेको भएन भने, आफ्नो प्रवृत्ति अनुसारको नीति र नेतृत्व भएन भने मानिसले त्यो पार्टी र नेतृत्वलाई मान्दैन । त्यहि नै अराजकतावाद हो । बाबुरामलाई कम्युनिष्ट आन्दोलनमा सुधारवादी र दक्षिणपन्थी अवसरवादीको रुपमा चिनिथ्यो । त्यसकारण अराजकतावादी प्रवृत्ति वाम, मध्य र दक्षिणपन्थी जुनसुकै प्रवृत्तिमा पनि देखा पर्दछ । कहिले त्यो वाम खोलमा त कहिले मध्य र दक्षिणपन्थीको रुपमा देखा पर्दछ । त्यस्तो कठिन अवस्थामा चलेको दुई लाइन संघर्षमा अध्यक्ष क.किरणले आफ्नो प्रसिद्ध लेख ' आवश्यकता र स्वतन्त्रताको द्वन्द्ववाद'मा लेख्नुभएको थियो । मानिस स्वतन्त्र हुन चाहन्छ तर ऊ आवश्यकतामा बाँधिन्छ । मानिलिउँ, एउटा नदी तर्नु छ भने कि पौडी खेल्ने सिप चाहिन्छ, कि डुंगा चाहिन्छ, कि पुल चाहिन्छ । स्वतन्त्रताको जतिसुकै दुहाई दिएपनि यी आवश्यता पूरा भएनन् भने नदी तरेर पारी जान सकिदैन भनेर लेख्नु भएको छ । यस युगदेखि सुरु भएको राज्यसत्ता साम्यवादमा नपुगुन्जेलसम्म दुवै वर्गलाई चाहिन्छ, शोषकलाई पनि र शोसितलाई पनि । शोसक वर्गलाई सत्ता (सेना,पुलिस, अड्डा अदालत, नोकरशाही तन्त्र) यस कारण चाहिन्छ कि विरोधी वर्गलाई दबाउन र आफ्नो लुटको स्वर्ग बचाइराख्न शोषित चाहिन्छ । शोषित वर्गलाई सत्ता यसकारण चाहिन्छ कि विरोधी वर्गलाई अधिनायकत्व लगाउँदै सत्ताको विस्तारै विस्तारै विलोपीकरण गर्दै सत्ताविहीन साम्यवादमा पुग्न । त्यसैकारण 'राज्यसत्ताबाहेक सबै भ्रम हो' भनिएको हो । शोसक वर्गले आफ्नो राज्यसत्तामा आँच नआउनजेल, सत्ताको अंगमा चोट नलागुन्जेल बढो संयम् भएको नाटक गर्दछ र राज्यसत्तामा जब प्रहार हुन्छ, तब ऊ बहुलाएर विरोधी वर्गमाथि जाइलाग्छ । हवाई मैदान खन्ने धादिङका निहत्था चेपाङलाई पनि शत्रु ठानेर कालिकोटको कोठवाडामा ७५ जनाको एउटै चिहान बनाउँछ । राज्यसत्तामा आँच नआउदा जुझारु, अर्थवादी क्रियाकलाप गरेर करोडौं सामन्त र दलालबाट उठाएर क्रान्तिको नाममा आफ्नो वर्ग उठाउँदा उसलाई खासै ठाउँको दुखाईको विषय हुँदैन । महान लेनिनले भनेझै वर्गसंघर्ष र सत्ताको संघर्षमा सर्वहारा वर्गसँग 'संगठनको बाहेक अरु कुनै हतियार हुँदैन' भनेर सर्वहारा वर्गको पार्टीले आधारभूत विचार र सिद्धान्त मिलुन्जेल जनवादी केन्द्रीयताको राम्रोसँग पालना गर्नुपर्दछ । सहि कुराको विरुद्ध विद्रोह गर्नु मार्क्सको भाषामा नराम्रो कुरा हो । गलत चिजको विरुद्ध विद्रोह गर्नुमात्र राम्रो कुरा हो । पार्टीलाई सच्याउन आफूलाई लागेको कुरा आफू बसेको सबैभन्दा माथिल्लो कमिटिमा निर्भिक रुपमा राख्ने र तल र बाहिर पार्टीको आधिकारिक निर्णयलाई दृढतापूर्वक प्रतिरक्षा र लागु गर्नुपर्छ । भुलेर पनि आफ्नो कुरा तल्लो कमिटि र बाहिर गर्नु हुँदैन । झन् नित्तान्त सिद्धान्त र राजनीतिक महत्वसँग प्रत्यक्ष नजोडिएका तत्कालीन कार्यनीतिक खालका निर्णयहरुमा त दुई लाईन संघर्षको विषय बनाउनु पनि हुँदैन । आफ्नो क्षमता र योग्यताले भ्याएसम्म निर्णय कार्यान्वयन गर्न भरमग्दुर प्रयास गर्नुपर्दछ । सबै निर्णयहरु वैज्ञानिक हुन्छन् भन्ने छैन । त्यसको उपयुक्त समयमा समीक्षा हुँदै जान्छ । आफ्नो तर्फबाट पुरै कोशिस भएको कुरामा आफू विश्वस्त हुनुपर्दछ र आफूले औला उठाउने र आलोचना गर्ने ठाउँ राख्नु हुँदैन । यहि नै सांगठनिक अराजकता उत्पन्न हुन नदिने उत्तम उपाय हो ।

# जनताले नै नेकपा (माओवादी केन्द्र)लाई नेकपा (लम्पसारवादी केन्द्र) भन्न थालेका छन्



**श्रीनाथ अधिकारी 'श्याम'**
सचिवालय सदस्य तथा तमुवान इन्चार्ज, नेकपा (क्रान्तिकारी माओवादी)

**» *पछिल्लो राष्ट्रिय राजनीतिक घटनाक्रमहरुलाई कसरी हेर्नुभएको छ ?***

निकै गम्भीर खालका घटनाक्रमहरु देखिन थालेका छन् । प्रचण्ड नेतृत्वको सरकार भारतीय सत्तासिन वर्गसँग पूरै लम्पसार परेको छ। भारतीय राष्ट्रपतिको भ्रमणको बेला सार्वजनिक विदा दिने, जनतालाई सडकमै निस्न नदिने गरी अघोषित कर्फ्यू लगाउनेजस्ता कार्यले प्रचण्ड नेतृत्वको सरकारलाई मात्रै होइन, जनताले नेकपा (माओवादी केन्द्र)लाई नै नेकपा (लम्पसारवादी केन्द्र) भन्न थालेका छन् । सरकार, सत्तारुढ पार्टीहरु र पार्टीका नेताहरु खुल्लेआम भारतको चीनविरोधी गतिविधिमा सामेल भइरहेका छन् । हालै शेरबहादुर देउवाले गरेको भारत भ्रमणको क्रममा गोवामा सत्तारुढ भाजपाद्वारा प्रायोजित ' इण्डिया फाउण्डेसन' नामक संस्थाले आयोजना गरेको 'इण्डिया आइडियाज कन्क्लेभ-२०१६'लाई प्रमुख वक्ताको रुपमा दलाई लामाको सरकारका प्रधानमन्त्री लोब्साङ साङ्गेसँगै सम्बोधन गरे । दलाई लामाले समेत भिडियो सम्बोधन गरेको सो कार्यक्रममा देउवाको सहभागिताका कारण छिमेकी चीनले नेपाललाई 'एक चीन नीति'प्रतिको प्रतिबद्धतामाथि प्रश्न उठाउने स्थितिमा पुऱ्याएको छ । काठमाडौं स्थित आर्ट ग्यालरीको एउटा कार्यक्रममा ताइवानको झण्डा फहराइनु, चीनको एक टोलीलाई परराष्ट्र मन्त्रालयले अपमान गरि पठाएको भन्ने समाचारहरु पनि आएका छन् । यी सबै प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणको क्रममा जारी गरिएको राष्ट्रघाती २५ बुँदे संयुक्त वक्तव्यका परिणाम हुन् । प्रचण्डमार्फत् भारतीय शासकहरु नेपाललाई भारतको सुरक्षा छाताभित्र पार्न सफल भएका छन् र नेपालको परराष्ट्र नीति पनि उनीहरुले नै तय गर्न थालेका छन् । माथि भनिएका घटनाक्रमहरुले यसै तथ्यलाई पुष्टि गरेको छ ।

**» *२५ बुँदेदेखि संविधान संशोधनसम्म भारतीय सत्तासीन वर्गले नेपालको राष्ट्रिय स्वाधीनतामाथि बोलेको धावालाई के भन्नुहुन्छ ?***

२५ बुँदेको ११ नं.को बुँदाले स्पष्ट भनेको छ कि अब नेपालको सुरक्षा र परराष्ट्र मामिला भारतले हेर्छ। नेपाललाई आफ्नो सुरक्षा छाताभित्र पार्न भारतले २०११ साल, २०१७ साल र २०४६ सालमा पनि निकै प्रयास गरेको थियो। तर सफल हुन सकेको थिएन। अहिले विगतमा जनयुद्धताका भारतका विरुद्ध सुरुङ युद्ध गर्ने उद्घोष गरेका प्रचण्डले २०७३ साल भदौ ३१ मा भारतको पटक पटकको प्रयासलाई सजिलै पुरा गरिदिएका छन् । भारतले यही तरिका अपनाएर सिक्किलाई आफ्नो मुलुकमा विलय गरायो भने भूटानको पनि उसले सुरक्षा र परराष्ट्र मामिलालाई आफ्नो छाताभित्र पारेकै छ । नेपाललाई भूटानीकरणहुँदै सिक्किम बनाउने भारतीय अभियानमा प्रचण्ड नयाँ लेण्डुपे बन्दैछन् । हिमालयलाई आफ्नो सुरक्षा सीमा ठान्ने नेहरु डक्ट्रिनलाई ब्रिटिशकालीन मानसिकता बोकेका भारतीय शासकहरुले नेपालमाथि गिद्देनजर लगाउँदै आएका छन् । आफ्नो यही रणनीतिलाई पूरा गर्न संविधानमाथि स्वामित्व खोजिरहेको छ र अंगीकृत नागरिक पनि नेपालको संवैधानिक प्रमुख हुन पाउने गरी संविधान संशोधन गराउन चाहन्छ। यो भनेको दलालहरुप्रति पनि भारतीय शासकहरुले पूरै विश्वास गर्न नसकेको स्थिति हो।

यी घटनाक्रमले मुलुकको सार्वभौमिकतामाथि निकै ठूलो आँच आएको संकेत गरेको छ। सच्चा देशभक्त, वामपन्थी तथा क्रान्तिकारी शक्तिहरुले भारतीय हस्तक्षेप र यस्तो हस्तक्षेप निम्त्याउने दलाल शासकहरुको भण्डाफोर, विरोध र विरुद्धमा आन्दोलनको उठान गर्न जरुरी छ।

**» *राष्ट्रिय स्वाधीनताको प्रश्न निकै पेचिलो बनेको वर्तमान स्थितिमा क्रान्तिकारी माओवादीले चाहिं के गर्ने योजना बनाउँदैछ ?***

राष्ट्रिय स्वाधीनताको प्रश्न निकै गम्भीर बनेको यस घडीमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाको मुद्दालाई स्थापना कालदेखि नै उठाउँदै आएको हाम्रो पार्टी क्रान्तिकारी माओवादीले भारतीय शासकवर्गको नाङ्गो हस्तक्षेपको सडकमै उत्रेर कडा विरोध गर्दै आएको छ । आगामी मंसिर १० गते देशव्यापी रुपमा विरोध प्रदर्शन गर्ने योजना बनाएको छ । यस प्रदर्शनमा स्वाभीमानी जनताको उल्लेख्य सहभागिता हुने देखिन्छ । भारतीय शासकवर्गले गरेको हस्तक्षेप र दलाल शासकहरुको जनघाती र राष्ट्रघाती हर्कत जनताले प्रष्ट रुपमा बुझ्न र अनुभूत गर्न थालेका छन् ।

**» *राष्ट्रिय स्वाधीनताको संयुक्त आन्दोलनको सम्भावना चाहिं छ कि छैन ?***

भारतीय विस्तारवादले लगाएको नाकाबन्दी, प्रचण्ड नेतृत्वको सरकार गठन, २५ बुँदे वक्तव्य, भारतीय राष्ट्रपतिको भ्रमण र सरकारको लम्पसारवादी चरित्र, देउवाको भारत भ्रमणसम्म आइपुग्दा नेपाली जनतामा राष्ट्रियताको भाव निकै जागृत भएको देखिन्छ। सामाजिक संजालमार्फत् राष्ट्रियता र स्वाभिमानको पक्षमा उर्लदो जनमत, विभिन्न वामघटकहरु, व्यत्ति, संघसंस्थाहरुको पहलकदमी सबैलाई हेर्दा संयुक्त राष्ट्रिय मुक्ति आन्दोलनले वृहत् आकार ग्रहण गर्दै अगाडि बढ्ने देखिन्छ। हाम्रो पार्टीले त्यस दिशामा पहल अगाडि बढाइरहेको छ।

**» *विगतमा राष्ट्रिय स्वाधीनताको चर्को कुरा गर्नेहरु, जो तपाईंहरुबाट अलग भएर माओवादी केन्द्रमा गएका छन्, उनीहरु यस विषयमा नबोल्नुको कारण के देख्नुहुन्छ ?***

क्रान्तिको कार्यदिशालाई परित्याग गरेर नवसंशोधनवादी समूहको पुच्छर बन्न गएकाहरुको कुरै नगरौं । पुच्छरले त मालिकको झिङ्गा धपाउने मात्रै काम गर्ने हो । त्यो धर्म उनीहरुले निभाइ रहेकै होलान् । त्यसमाथि उनीहरु त अहिले लम्पसारवादीहरुको पो झिंगा धपाउनेमा पुगेका छन् त। यो भन्दा बढी अपेक्षा गर्न सकिन्न उनीहरुबाट।

**» *वर्गीय र राष्ट्रिय आत्मसमर्पणवादले माओवादी आन्दोलनलाई कत्तिको क्षति पुऱ्यायो ?***

वर्गीय तथा राष्ट्रिय आत्मसमर्पणवादले गर्दा नै प्रत्याक्रमणसम्म पुगेको नेपाली क्रान्ति सेटव्याक खान पुग्यो । र, प्रतिक्रान्ति विजयी बन्न पुग्यो । यो भनेको माओवादी आन्दोलनको ठूलै क्षति हो । भूकम्पको धक्काले भग्नावशेषको अवस्थामा पुऱ्याएको जस्तै अनुभूति हुन्छ। तसर्थ, अब क्रान्तिको पुनर्निर्माण गरिनु पर्दछ । यो बेला भनेको क्रान्तिको पुनर्निर्माणको बेला हो । हिम्मत नहारीकन क्रान्तिकारीहरु दृढतापूर्वक क्रान्तिको पुननिर्माणमा जुट्नु परेको छ।

**» *भीषण दुईलाइन संघर्षमा दायाँ बायाँ आक्रमणबाट बचाउन सफल क्रान्तिकारी माओवादीको अहिलेको आत्मगत अवस्था चाहिं कस्तो छ ?***

> प्रचण्डमार्फत् भारतीय शासकहरु नेपाललाई भारतको सुरक्षा छाताभित्र पार्न सफल भएका छन् र नेपालको परराष्ट्र नीति पनि उनीहरुले नै तय गर्न थालेका छन् । माथि भनिएका घटनाक्रमहरुले यसै तथ्यलाई पुष्टि गरेको छ । ”

हो, निकै भीषण दुईलाइन संघर्षबाट हामीले नेपाली कम्युनिष्ट आन्दोलनको यो क्रान्तिकारी धारलाई बचाउन सफल भयौं । दायाँ र वायाँबाट यो धारलाई सिध्याउन भीमकाय कोशिसहरु भए । दक्षिणपन्थी नवसंशोधनवादी र वामपन्थी अवसरवादीहरु नाङ्गो रुपमा माओवादी आन्दोलनको यो क्रान्तिकारी धारलाई सिध्याउन लागेकै थिए। उनीहरुले साम, दाम, दण्ड, भेद सबै प्रयोग गरे। तर, विचार र राजनीतिक हिसाबले हाम्रो विजय भयो । र, क्रान्तिको झण्डालाई बचाउन सफल भयौं । दायाँ र बायाँको आक्रमणबाट थिलथिलो भएको पार्टीलाई हामीले अहिले सबल बनाएका छौं । विचार, राजनीति, संगठन, संघर्ष र आर्थिक हिसाबले पार्टीलाई सबल बनाउँदै लैजाने क्रम तीव्रतामा अगाडि बढिरहेको छ । र, पनि वस्तुगत अवस्थाको हाराहारीमा पुऱ्याउन अझै मिहनेत गर्नुपरेको छ।

**» *मुलुकमा क्रान्तिकारी माओवादी आन्दोलनको उठानमा के कस्ता जटिलता र सम्भावनाहरु देख्नुहुन्छ ?***

क्रान्तिको नायक प्रतिक्रान्तिको खलनायक बन्दा क्रान्ति र पार्टी सिद्धिएका अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा धेरै दृष्टान्तहरु छन् । नेपालमा पनि प्रचण्ड-बाबुरामको खलनायकीका विरुद्ध कमरेड किरणले क्रान्तिको झण्डा उठाउने साहस गर्नुभयो। नेपाली सर्वहारावर्गका लागि मात्रै होइन, अन्तर्राष्ट्रिय सर्वहारावर्गका लागि समेत एउटा गर्वको कुरा हो । यस्तो घटना अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा समेत विरलै पाइन्छ । क्रान्ति प्रतिक्रान्तिमा बदलिएपछि आन्दोलनमा टुट, फुट, विचलन, पलायन, विघटन, निराशा, हिनता, कुण्ठा जन्मिनु स्वभाविक कुरा हो। यसका बाबजुद हामीले क्रान्तिकारी धारलाई स्थापित गर्दै लगेका छौं । जनतासँग जोडिने र जनताको विश्वास आर्जन गर्ने कुरा जटिल छन्। त्यो जटिलता चिर्न र जनताको विश्वास आर्जन गर्न हामी जनतासँग जोडिरहेका छन् । जनतामा अन्य माओवादीहरु, यो प्रतिक्रियावादी सत्ता र उनीहरुले फिंजाएको भ्रमबाट विस्तारै मुक्त हुँदैछन् । जनता भ्रमबाट मुक्त हुँदै जाँदा क्रान्तिका क्षितिजहरु पनि उघारिदै जानेछन्। हामी दृढ विश्वासका साथ लागिरहेका छौं। हामीलाई विश्वास छ-अन्ततः जित जनता र सत्यको नै हुनेछ।

**» *माओवादी केन्द्र र विप्लव माओवादीभन्दा क्रान्तिकारी माओवादीप्रति जनता आशावादी हुनसक्ने कारणहरु चाहिं के के छन् त ?***

माओवादी केन्द्रलाई भन्दा कांग्रेस-एमालेलाई जनताले राम्रो भन्न थालेका छन् । पुरानै प्रतिक्रियावादी संसदीय शासनव्यवस्थालाई संस्थागत गर्न मरिहत्ते गरेर लागेको माकेप्रति जनतामा उतिसारो भ्रम छैन र उसले पनि भ्रम दिने हैसियत र ठाउँ राखेको छैन । अब उसले लगाउने क्रान्ति, समाजवादका कुरा जनताले बुझिसकेका छन् । जहाँसम्म विप्लव माओवादीको कुरा छ-उनीहरुसँग क्रान्तिको स्पष्ट कार्यदिशा छैन। मालेमावादलाई उनीहरुले दह्रोगरी समातेका छैनन्, उनीहरु मध्यमवर्गलाई क्रान्तिको आधारभूत शक्ति मानेर सत्ता साझेदारीको कुरा गर्छन्। प्रतिक्रियावादी सत्तासँग साझेदारीका लागि क्रान्तिको कुरा गर्नु भनेको प्रचण्ड-बाबुरामकै लाइन हो। त्यो भ्रममा पनि जनता अब धेरै दिन टिक्नेवाला छैनन्।

जहाँसम्म हाम्रो कुरा छ, हामीले गर्ने भनेको नयाँ जनवादी क्रान्ति हो। नयाँ जनवादी क्रान्तिको कार्यदिशाको फौजी कार्यदिशा हामीले राष्ट्रिय सम्मेलनबाट समृद्ध पार्दैछौं । मालेमावादको वैचारिक आलोकमा क्रान्तिको रणनीति र कार्यनीतिको विकास गरेर नयाँ जनवादी क्रान्तिलाई पूर्णता दिने दिशामा हामी अगाडि बढिरहेका छौं। तुलनात्मक रुपले इमान्दार, असल नेता कार्यकर्ताहरु क्रान्तिकारी माओवादीमा आबद्ध छन् । वर्गसंघर्ष र अन्तसंघर्षका भीषण प्रक्रियाबाट खारिएर आएको अनुभवले समृद्ध नेतृत्व छ, कार्यकर्तामा क्रान्तिप्रतिको तीव्र भोक छ । वैचारिक, राजनीतिक, संगठन र संघर्षका हिसाबले नयाँ ढंगको क्रान्तिकारी, जुझारु र अनुशासित पार्टी निर्माणमा हामी जुटेका छौं । वस्तुगत स्थिति क्रान्तिका निम्ति अनुकूल छ, हामी वस्तुगत स्थितिमाथि हावी हुने गरी आत्मगत स्थितिको विकासमा अहोरात्र खटिरहेका छौं।

**» *के संविधान संशोधनबाट चाहिं मुलुकले राजनीतिक निकास पाउन सक्दैन ?***

यो संविधान आम श्रमजीवि जनताका लागि 'कागलाई बेल पाक्यो, हर्ष न विस्मात्'जस्तै भएको छ। संविधानले जनताको जीवनमा कुनै परिवर्तन ल्याउन सकेको छैन। भ्रष्टाचार, महंगी, बेरोजगारी, कालोबजारीले गरिखाने जनताको ढाड भाँचेको छ । संसदवादी दलका नेता कार्यकर्ताहरु पैसा भनेपछि जुक्का र किर्नाजस्तै भएका छन् । उनीहरुलाई देश र जनताप्रति कुनै चिन्ता छैन, देश भाँडमा जाओस् तर आफ्नो खल्ती र भुँडी भर्न पाएपछि पुगेको छ। जनतामा राहत छैन, आहत बढेको छ । देशको ढिकुटी भागवण्डा लगाएर संसदवादीहरुले लुटिरहेका छन्। जनताको जीवन भोक, रोग र अभावले आक्रान्त छ । यस्तो अवस्थामा संविधान संशोधन होइन, यो संविधान पूरै खारेज गरेर जनताको संविधान बनाउन जरुरी छ । जनताको संघीय गणतन्त्रमा आधारित संविधानले मात्र राजनीतिक निकास दिनसक्छ र त्यस्तो संविधानले मात्र जनताको जीवनमा परिवर्तन ल्याउन सक्छ। र, जनताले अपनत्व बोध गर्न सक्छन्।

**» *लोकमान प्रकरणबारे चाहिं क्रान्तिकारी माओवादीको भनाइ के छ ?***

यो पनि भ्रष्ट, अनैतिक र अराजकहरुबीचकै गाईजात्रा हो। हाम्रो पार्टीले त नियुक्ति प्रक्रियामै लोकमानको विरोध गरेको थियो- युद्ध र आन्दोलन दबाउने रायमाझी आयोगको दोषीलाई अख्तियार प्रमुख बनाउनु हुँदैन भनेर। भ्रष्टाचारमा मुछिएको र प्रतिगामी सोच भएको व्यक्तिलाई अख्तियार प्रमुख बनाएपछि अहिले पानीमाथिको ओभानो हुन खोजेका छन् कांग्रेस, एमाले र माकेका नेताहरु। लोकमानको चरित्र र यी नेताहरुको चरित्रमा कुनै फरक छैन । यिनीहरुको कमजोरी लोकमानलाई सबै थाहा भएकोले नै उसले यिनीहरुलाई नटेरेको हो। संस्थागत रुपमा भ्रष्टाचार र कमिसनको जालो विच्छ्याएर राज्यको दोहन गर्ने यी नेताहरुलाई चाहिं कसले कारबाही गर्ने ? अब जनताले गर्नुपर्छ।

**» *अन्तमा थप केही भन्नु छ कि ?***

आजको युग भनेको सूचना प्रविधिको युग पनि हो । सूचना प्रविधिको उच्चम प्रयोग क्रान्तिको लागि अनिवार्य बन्न जान्छ। यसर्थमा, संचारका साधनहरुको विशेष महत्व रहन्छ। यसको महत्वबोध पार्टीले गर्दै आएको छ । क्रान्तिको महान प्रक्रियामा तपाईंहरुले चलाएका सूचना संचारका माध्यमहरुले महत्वपूर्ण योगदान गर्न सकोस्। यही शुभेच्छा, यही शुभकामना।

# आर्थिक आत्मनिर्भरता : क्रान्तिकारी युद्धको मजबूत आधार

नयाँ जनवादी क्रान्तिमा जुटेका प्रत्येक क्रान्तिकारी कामरेडहरुले अत्यन्तै महत्वकासाथ आत्मासाथ गर्नुपर्ने कुरा भनेको आर्थिक आत्मनिर्भरताविना क्रान्ति सम्भव हुन्न भन्ने हो । आर्थिक निर्भरताविना राष्ट्रिय मुक्ति र जनमुक्ति सम्भव छैन । परनिर्भताबाट मुक्त हुन क्रान्तिकारीहरुले आर्थिक उत्पादन गर्ने काममा क्रान्तिकारी युद्धको वरिपरि फन्को मार्नेगरि जुट्नुपर्छ । क्रान्तिकारी काममा लागेका सबैजनाले यस कुरालाई राम्ररी बुझ्नुपर्छ । यहाँ कतिपय कामरेडहरुले के सोचेका छन् भने क्रान्तिकारी कार्यमा लागेका मानिसहरु ज्यादै व्यस्त हुन्छन् र आर्थिक निर्माणका लागि समय निकाल्न सकिन्न, र उनीहरुले आर्थिक निर्माणको पक्षमा कुरो गर्नेलाई "दक्षिणपन्थी भड्कावबादी" भनेर निन्दा गर्न पनि पछि पर्दैनन् । उनीहरु यो सोच्दैनन् कि चन्दाको भरमा चलाएको क्रान्ति परनिर्भर हुन्छ । फेरि पनि चन्दा संकलन अभियान आफैमा गलत होइन । तर दीर्घकालीन हिसाबले आर्थिक आत्मनिर्भरताको जगमा नै क्रान्तिको प्रक्रियालाई अगाडि बढाउने गरी सोच्न जरुरी छ ।


नयाँ जनवादी क्रान्तिको प्रश्न एउटा लामो प्रक्रिया हो । आर्थिक आधारलाई बलियो नबनाइकन क्रान्तिका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारलाई सशक्त बनाउन सकिन्न । जनतासँग जोडेर आर्थिक निर्माणमा सिंगो पार्टीलाई लगाउन जरुरी छ । शत्रुले हामीलाई युद्धको मैदान छोडेर भगाउन जतातते आर्थिक नाकाबन्दी गरिरहेका हुन्छन् । बेइमान व्यापारीहरुले बजारमा कृतिम अभाव सृजना गरेर जनताको दैनिक जीविकाको निमित्त नभई नहुने उपभोग्य सामानको अचाक्ली मूल्यवृद्धि गरेर जनजीवनलाई अस्तव्यस्त पारिरहेका हुन्छन् । यी सबै कुराहरुको प्रत्यक्ष प्रभाव मजदुर, किसान तथा सामान्य जनजीवन माथि पर्छ र उनीहरुको जीवनमा सुधार ल्याउनु असंभव प्रायः बन्न जान्छन् । के यसले हाम्रो आधारभूत कार्यदिशामाथि मजदुर-किसान मेलमाथि प्रभाव पार्दैन र ? मजदुर, किसान तथा आम-जनताको खानपिन र आफ्नो रहन-सहनको स्थितिबाट असन्तुष्ट भएमा के त्यसले हाम्रो नयाँ जनवादी क्रान्तिका लागि आम जनतालाई संगठित पार्ने काममाथि प्रभाव पार्दैन र ? त्यसैले, क्रान्ति (युद्ध) को तयारीमा जुटिरहेको समय होस् वा क्रान्तिकारी युद्ध सुरु वा चरम् चुलिमा पुगिरहेको समय नै किन नहोस्, आर्थिक निर्माणको कामलाई व्यवस्थित बनाउनै पर्दछ ।

यहाँ केही कामरेडहरुले के सोचेका छन् भने वर्तमान समयमा हामीले हाम्रो सम्पूर्ण शक्ति नयाँ जनवादी क्रान्तिको तयारीमा लगाएका छौं, यसले गर्दा कामरेडहरु ज्यादै व्यस्त हुने भएकोले आर्थिक निर्माणका लागि समय बचाउनु असम्भव छ । यतिखेर हामीले हाम्रो सम्पूर्ण शक्ति नयाँ जनवादी क्रान्ति तयारी प्रयत्नको अधीनस्थ पारिनु पर्छ, तर उनीहरु के कुरा बुझ्दैनन् भने आर्थिक निर्माणको कामलाई पन्छ्याउदैमा सारा कुरो नयाँ जनवादी क्रान्ति-प्रयत्नको अधिनस्थ हुदैन, बरु क्रान्ति-प्रयत्न कमजोर हुन्छ ।

हामी आर्थिक निर्माणमा जुट्नुको अर्थ अवश्य पनि त्यो होइन कि पुँजीवादीहरुको लक्ष र उद्देश्य अनुरुप पैसा (सम्पत्ति) थोपार्नु । के हो त भने आर्थिक निर्माणलाई विकास गरेर हामी क्रान्तिकारी युद्ध (नयाँ जनवादी क्रान्ति) का लागि आवश्यक पर्याप्त मात्रामा भौतिक आधार जुटाउन चाहन्छौं र हामी आफ्नो क्रान्तिकारी अभियानलाई जुझारु ढङ्गले चलाउन सक्छौं र हाम्रा शत्रु प्रतिक्रियावादी क्याम्पमाथि प्रभावकारी ढङ्गले प्रहार गर्न सक्छौं । यसरी मात्र हामी क्रान्तिकारी योद्धाहरुको विस्तारका लागि साधन स्रोतहरु प्राप्त गर्न सक्छौं र क्रान्तिकारी मोर्चालाई अगाडि बढाउन सक्छौं, जस्ले गर्दा परिस्थिति अनुकुल हुदाँखेरि क्रान्तिकारी मोर्चाले निश्चिन्त भएर आफ्नो सारा ध्यान लड्नमा केन्द्रित पार्न सक्नेछ । र, यसरी मात्र हामी जनताका भौतिक खाँचोहरुको पूर्ति केही हदसम्म गर्न सक्छौं, जस्ले गर्दा उनीहरु अधिक ठूलो उत्साहका साथ क्रान्तिकारी पार्टीमा सामेल हुनेछन् वा अन्य क्रान्तिकारी कामहरु गर्नेछन् ।

आर्थिक निर्माण कार्यको क्रममा तत्काल गर्नुपर्ने र गर्नसक्ने पहिलो देशलाई मरुभूमिमा परिणत हुन दिनुबाट रोक्नु र सामुहिक खेती प्रणालीप्रति आस्था जगाउनु । यी दुई कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउनु उपयुक्त हुनुको सँगै समय सार्न्दभिक ठहरिन आउँछ । पहिलो, देशभित्रका कुनैपनि खेतियोग्य जमिनहरुमा कोहि कसैलाई घर, टहरा वा कल-कारखाना बनाउने प्रयोजनको लागि भूमाफिया र दलाल एवम् नोकरशाही पूँजीपति तथा सामन्तवर्गकै कब्जामा रहिआएको् प्रतिक्रियावादी सरकारको मिलेमतोमा हुन गइरहेको यस्ता सम्पूर्ण गतिविधि रोक्न सशक्त जनजागरण अभियान संचालन गर्ने । दोश्रो, उपरोक्त कार्यलाई सघाउ पुऱ्याउनुकोसँगै आर्थिक निर्माण समेत हुनेगरि सामुहिक खेती प्रणालीको प्रचारप्रसार गर्ने उद्देश्यका साथ अहिले नै सामुहिक तरकारी फारम (खेती) को निमित्त आवश्यक अनुरुपको उपयुक्त खेत (ठाउँ) खोजेर अहिलेलाई भाडामा लिएर कार्य गर्नु उपयुक्त हुन्छ र यसरी विस्तार विस्तार देश व्यापीरुपमा जनकम्युन निर्माण(सृजना) गर्नुका साथै क्रान्तिकारी सहकारी संस्थाहरुको निर्माण गरी घरेलु ससाना उद्योग तथा कृषि उत्पादनमा गाई, भैंसी, भेंडा, बाख्रा लगायत सम्भव भएसम्म सबै आवश्यक वस्तुहरु उत्पादन गर्नुले क्रान्तिको निमित्त आधारभूत आवश्यकता परिपुर्ति गर्न सजिलो हुनजाने कुरामा कुनै शंका रहने छैन ।

क्रान्तिको तयारीमा जुट्नु र क्रान्ति गर्नु भनेको क्रान्तिकारी भाषण गर्नु, बक्तव्यवाजी गर्नु र जुलुसको आयोजना गरी आकाश थर्किने गरी क्रान्तिकारी नाराहरु गुञ्जाएमान गर्नु नै मात्र क्रान्तिको तयारी र क्रान्ति गरेको ठहरिन्न र यसरी मात्र क्रान्ति हुन सक्तैन । क्रान्तिको निमित्त सिंगो क्रान्तिकारी पार्टी मात्र तातिएर क्रान्ति हुने हैन र हुन सक्तैन । क्रान्ति हुन र गर्न क्रान्तिको निमित्त आवश्यक भौतिक आधारभूत आवश्यकता परिपुर्ति हुनु र गर्नु अत्यावश्यक छ, र फेरि जनाधारविनाको क्रान्ति पनि केवल हावादारी सिवाय अरु हुन सक्दैन । सच्चा क्रान्तिकारीहरु सच्चा दिलले क्रान्तिको तयारी निमित्त मालेमावादी सैद्धान्तिक आधारमा एकतर्फी रुपले मात्र



पुष्पगोपाल श्रेष्ठ

शत्रुले हामीलाई युद्धको मैदान छोडेर भगाउन जतातते आर्थिक नाकाबन्दी गरिरहेका हुन्छन् । बेइमान व्यापारीहरुले बजारमा कृतिम अभाव सृजना गरेर जनताको दैनिक जीविकाको निमित्त नभई नहुने उपभोग्य सामानको अचाक्ली मूल्यवृद्धि गरेर जनजीवनलाई अस्तव्यस्त पारिरहेका हुन्छन् । यी सबै कुराहरुको प्रत्यक्ष प्रभाव मजदुर, किसान तथा सामान्य जनजीवन माथि पर्छ र उनीहरुको जीवनमा सुधार ल्याउनु असंभव प्रायः बन्न जान्छन् ।

लागि रहने हो भने फेरि 'वीरबलको खिचडी पकाई'जस्तै गरी व्यवहारत गर्नुपर्ने काम कुरोलाई बेवास्ता गर्नु भनेको क्रान्ति विरोधीहरुले क्रान्तिको माला जपेर क्रान्तिकारी पार्टी र क्रान्तिकारी धारालाई ध्वस्त पार्ने प्रयत्नलाई नै अप्रत्यक्ष रुपले सघाउ पुग्नजाने कुराप्रति सचेत हुन नितान्त जरुरी छ ।

मार्क्सवाद-लेनिनवाद-माओवादको सैद्धान्तिक आधारलाई व्यवहारमा उतार्नु भनेको मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओले देश, काल र परिस्थितिलाई आफ्नो अनुकुल बनाई आ-आफ्नो पालोमा सैद्धान्तिक आधारमा उभिएर व्यवहारतः क्रान्तिमा उतीर्ण गरेका कटु अनुभवहरु गहन अध्ययन चिन्तन मननका साथ आत्मसात गरी, आफ्नो देश नेपालको वस्तुगतस्थितिलाई नेपाली विशेषता अनुरुप ढालेर नयाँ जनवादी क्रान्तिको पहलकदमी लिनु आज क्रान्तिकारीहरुका निमित्त अनिवार्य सर्त हुन आइपुगेको छ ।

हामी क्रान्तिकारीहरुको निमित्त यो एउटा महान अभिभारा हो र एउटा महान वर्ग-संघर्ष पनि हो । हामीले आर्थिक निर्माणको कामलाई क्रान्तिकारी इमान्दारितालाई कायम राख्दै क्रान्तिको निमित्त अत्यावश्य भौतिक-आधारभूत आवश्यकताका साथै आम जनताको लागि दैनिक जीवनयापनको निमित्त आधारभूत आवश्यकता समेत पहिचान गरी, आर्थिक निर्माणको कार्यलाई सुसंगठित गरी अगाडि बढाउनुपर्छ । र, यस कार्यलाई दिगो, सुदृढ र सुसंगठित बनाईराख्न एउटा छुट्टै आधारभूत आवश्यकता-आपूर्ति-नियमन विभाग खडा गरी यसका कार्यविधि सबै पारदर्शी हुनेगरी कार्यविधि अपनाउनुपर्छ । हाम्रो आर्थिक निर्माणको उद्देश्य उत्पादन बढाउनु मात्र होइन, बरु आम जनतामा उचित मोलमा बिक्रिगरी आएको पैसा मध्यबाट केही पैसा छुट्याई त्यो पैसाले जनतामा बितरण गर्नका लागि बजारमा उपलब्ध अरु सस्तो र सुलभ भएको बेला दैनिक उपभोगका सामानहरु खरिद गरी राख्नु पनि हो । जस्ले गर्दा शत्रुहरुले गरिने नाकाबन्दी तोड्न र व्यापारीहरुद्वारा गरिने शोषणलाई रोक्न सकियोस् ।

हामीले के कुरा भनिरहेका छैनौं र हाम्रो इरादा पनि के होइन भने हामीले गर्न खोजेको र गर्ने आर्थिक निर्माणको कामबाट उत्पादन हुने कुनै पनि उत्पादित वस्तुहरुको बिक्रीमा पूरा एकाधिकार हुनुपर्छ, वा व्यापारीहरुलाई छुनै नदिइकन सरकारले आम जनताको दैनिकलाई नभई नहुने अत्यावश्यक उपभोग्य-वस्तुको व्यापारलाई आफ्नो हातमा लिनुपर्छ । यहाँ यसबारे कुरा गरिरहेको होइन, न हामीले यो सब गर्न खोजेका छौं । जुन काम हामी गर्न खोज्दै छौं, त्यो के हो भने क्रान्तिको निमित्त भौत्तिक आधारभूत आवश्यकता परिपुर्ति गर्नुसँगै आम जनताको दैनिकीको निमित्त आवश्यक वस्तुहरुको उपलब्धिमा सहज र सुविधाजनक बनोस् भन्नु नै हो ।

आर्थिक निर्माणको सन्दर्भमा क.माओ भन्नुहुन्थ्यो- "वर्तमान चरणमा आर्थिक निर्माणले हाम्रो केन्द्रीय काम, अर्थात् क्रान्तिकारी युद्धको वरिपरि फन्को मार्नुपर्छ । आज क्रान्तिकारी युद्ध हाम्रो केन्द्रीय काम हो र आर्थिक निर्माणले त्यसको सेवा गर्नुपर्छ, त्यसको वरिपरि फन्को मार्नुपर्छ र आफुलाई त्यसको अधीनस्थ राख्नुपर्छ । त्यसरी नै जनवादी क्रान्तिकारी युद्धको अवहेलना गरेर आर्थिक निर्माणलाई हाम्रो वर्तमान कार्यको केन्द्र ठान्नु, वा क्रान्तिकारी युद्धबाट छुट्टै रुपमा आर्थिक निर्माणको काम गर्नु पनि गलत हुनेछ ।" निश्चितै रुपले क.माओको भनाई अनुरुप वर्तमान समयमा गर्नुपर्ने कामहरु क्रान्तिको लागि अति जरुरी भएका काम हुन् । ती आर्थिक निर्माणका कामहरुमा प्रत्येकले क्रान्तिको सेवा गर्नुपर्छ । यदि क्रान्तिबाट छुट्टै आर्थिक निर्माण गर्ने बिचार कुनै कामरेडमा रहेको छ भने उसले तुरुन्त यस गल्तीलाई सच्याउनुपर्छ ।

अर्को कुरो, जन-संगठनहरुलाई मुख्य रुपले मजदुर संघ र किसान संघहरुलाई क्रियाशिल पार्नुपर्छ । हामीले गाउँ सहरका विभिन्न इलाका (ठाउँ)हरुमा सभा गरि आर्थिक निर्माणका लागि प्रचार गर्नुपर्छ, र आर्थिक निर्माण कुन ढंगबाट क्रान्तिकारी अभियान(युद्ध) सित सम्बन्धित छ भन्ने कुरो स्पष्टसित बुझाउनु पर्छ र जनताको रहन-सहनलाई कसरी बढाउने भन्ने विषयमा अत्याधिक व्यावहारिक ढंगबाट छलफल गर्नुपर्छ । र, हामीले जनतालाई संचालित गर्न विभिन्न संगठनात्मक उपायहरुको प्रयोग गर्दै उपयुक्त ढंगबाट उनीहरुको माझमा प्रचार प्रसार गरी आम जनतालाई के आह्वान गर्नुपर्छ भने आर्थिक निर्माणलाई दऱ्हो पार्न क्रान्तिकारी सहकारी संस्था निर्माणसँगै विकास गर्न एकप्रकारको बन्धपत्र किनुन् ।

यो कदापि बिर्सनु हुन्न कि आम जनतालाई संचालित गर्नमा हामीले नौकरशाही तरिका अपनाउनु हुँदैन । हाम्रो क्रान्तिकारी कामको अरु कुनै पनि क्षेत्रमा झैं, आर्थिक निर्माणको क्षेत्रमा पनि नौकरशाही नेतृत्व सहय हुन सक्दैन । नौकरशाहीको धिनलाग्दो खराबीलाई कुनैपनि कामरेड मनपराउँदैनन् । त्यसैले यसलाई फोहर कसिंगरमा फाल्नु पर्छ । र, हामी सबैले त्यस्तो तरीकालाई रुचाउनुपर्छ जसलाई आम जनताले रुचाउँछन्, अर्थात जसलाई सारा मजदूर, किसान र शोषित पीडित जनताले स्वागत गरुन् ।

हामीले के पनि बिर्सनु हुन्न भने आर्थिक निर्माणको अभियानलाई विस्तृत पार्न ठूलो संख्यामा कार्यकर्ताहरुको खाँचो पर्छ । त्यसको निमित्त आवश्यक जन-शक्ति हामीले संगठित तथा प्रशिक्षित पारेर आर्थिक निर्माणको मोर्चामा पठाउनु पर्छ । जसलाई हामी आर्थिक निर्माणको मोर्चामा पठाउँछौं, मोर्चामा उनीहरु नाइके हुन्छन् भने व्यापक जनता कामदार हुन्छन् । यसरी गरिने आर्थिक निर्माणको कामबाट हुने आर्थिक अभिबृद्धिबाट आम जनताको जीवनमा हुने सुधारबाट नयाँ जनवादी क्रान्तिको आधार दऱ्हो पार्ने र आमजनतालाई उत्साहका साथ मोर्चामा जान अभिप्रेरित गर्ने काममा अवश्य पनि ठूलो सहायता मिल्नेछ । र, आर्थिक निर्माणको ज्यादै महत्वपूर्ण नयाँ काम लगायत उपयुक्त सबै कामहरु पुरा गर्छौ भनेर यदि हामी नयाँ जनवादी क्रान्तिको लागि ती सबैको उपयोग गर्छौं भने, नयाँ जनवादी क्रान्तिको झण्डा निसन्देह विजयको शिखरमा फहरिनेछ ।

०७३/०६/०६

---

◆ झर्रोटर्रो कैलुब्राह

## हनिमुन डे

नेकपा माकेका सुप्रिमो र नेपाली काङ्ग्रेसका डेउडापतिका बीचमा भएको भद्रसहमति अनुसारको नौमहिने आयु बोकेर निर्माण भएको नेपाल सरकारले गजबसँग आफ्नो सयदिने हनिमुन डे पुरा गरेको छ । विभिन्न किसिमका बिरोध र चुनौतीहरूको सामना गर्दै सत्ताको भत्ता डकारी रहेको सरकारले आफूले गरेका कामहरूको फेहरिस्त जनताका सामू राख्नका लागि पत्रकार भेटघाटको आयोजना गऱ्यो । सयदिन पुगेकै अवसरमा डाकिएको पत्रकार भेटघाटमा सरकारले मन्त्रीहरू, सचिवहरू र सत्तापक्षका केही माननीय हनुमानहरूलाई साक्षि राखेर पत्रकारहरूका बीचमा हनिमुन डेको कुटिरो खोलेर सबै कुरा देखायो ।

पत्रकारहरूले खचाखच भरिएको आफ्नो कार्यकक्षको सभाहलमा प्र.म. हस्याङफस्याङ गर्दै पसे । बेलुका ४ बजेका लागि भनेर पत्रकारहरूलाई बोलाइएको थियो । आफूभने एक घण्टा ढिलो गरी ५ बजे मात्र सम्बोधन कक्षमा आए । निकै हतारमा भित्र पसेका प्र.म. आफ्नो कुर्सीमा बसे र पत्रकारहरूलाई आफ्ना सयदिने हनिमुनको कुटुरो कोटको खल्तीबाट निकाले । कुटुरो बाचन गर्नु भन्दा पहिला मौखिक रूपमै केही कुरा भने ।

'मने हेर्नुस पत्रकार मित्रहरू

मैले तपाइँहरूलाई आज ४ बजे बोलाएको थिएँ तर म ५ बजे मात्र आइपुगेँ । यसले सरकार कति व्यस्त छ जनताको काम गर्न भन्ने कुराको पुष्टि गर्छ । यो नै उपलब्धीको पहिले कास्टिङ हो । तपाइँ पत्रकारहरूले त्यसै काउछो लागेझैँ बुरुक्क बुरुक्क उफ्रिएर नानाथरीको उट्पट्याङ कुरा लेख्नुन्च । म ऐले पनि धेरैलाई भेटेर, कुराकानी गरेर, भाषण गरेर आएँ । बोल्दा बोल्दा म थाकेर पनि तपाइँहरूसँग कुरा गर्न आएको छु । यो दोस्रो र महत्वपूर्ण उपलब्धी हो ।' यति भनिसके पछि उनले सरकारका हनिमुने कुटुरो खोले र बाचन गर्न थाले ।

'पत्रकारहरू !

तपाइँहरू खाली सरकारको विरोध मात्र गर्नुहुन्च । म प्रमको हैसियतले के भन्चु भने तपाइँहरूले विरोध मात्रै होइन समर्थन गर्ने कला पनि सिक्नुस् । तपाइँहरूले लेख्न त जान्नुहुन्च तर सरकारको समर्थन गर्न जान्नुहुन्न । अब समर्थन गर्न पनि सिक्नुस् । म गणतन्त्र सरकारको पहिलो प्रधानमन्त्री भएको नाताले पनि यतिखेर दोस्रो पटक प्र.म.को जिम्मेवारीमा आएदेखि निकै चुनौती थपिएको छ । चारैतिर शत्रु नै शत्रुले घेरेका छन् । पहिला शत्रुले नेतालाई घेराबन्दी गर्दा कार्यकर्ताले छाती थापेर नेताको सुरक्षा गर्थे । हेडक्वार्टर ट्वाइलेट जाँदा पनि सुरक्षामा खिटिएका जनमुक्ति सेना र कार्यकर्ताहरूले ट्वाइलेटको चारैतिरबाट सुरक्षा गर्थे । यतिखेर कोही कार्यकर्ताले भनेको समेत टेर्दैनन् । नेताका गालामा थप्पड हान्दा पनि टुलुटुलु हेरेर रमाउँचन् । म कति जोखिमका बीचमा काम गरिरहेको छु ।' यति भन्दा प्र.म.निकै भावुक पनि भए । बिगत सम्झे र गला अवरुद्ध पारे । सम्हालिँदै हातमा समाएको हनिमुने कुटुरो पढ्न थाले ।

'तपाइँहरू सरकारले सयदिनसम्म केही गरेन भनेर आलोचना मात्रै गर्नुहुन्च । वास्तवमा मेरो अनुभवमा के छ भने तीन सय दिनमा पनि गर्न नसक्ने काम सरकारले सय दिनमै गरेको छ । यो हनिमुन डेको सुरुआतमै मैले गोत्रानुसारका मन्त्रीहरू अर्थमन्त्रीलाई चाइना र गृहमन्त्रीलाई भारत पठाएर दुई ठूला छिमेकीहरूसँगको सम्वन्ध सुधार गरेको छु । त्यसपछि म हाम्रा मुक्तिदाता ठूल्दाइको देश भ्रमण गरेर उनीहरूको अशिर्वाद थापेर आएँ । २५ बुँदे सहमती मार्फत् यस अघि भएका दुई देशबीचका सन्धि सम्झौता दृढतापुर्वक कार्यान्वयन गर्ने भनेका छौँ । यो पनि महत्वपूर्ण उपलब्धी हो । त्यस लगत्तै गोआमा पुगेर चाइना र भारतका बडेहस्तीहरूसँग हात मिलाएर उनीहरूलाई सिधा सिधा हेरर आएको छु । अझ चाइनाका बडेहस्तीले त म बसेकै ठाउँमा पुगेर मलाई भेट दिए । यसले हाम्रो सम्वन्ध उच्च स्तरमा पुगेको छ । यो काम पनि सयदिन भित्रै भएको छ । त्यसपछि हामीले भारतीय महामहिमलाई हाम्रो देशमा भव्यरूपमा लम्पसार परेर षाष्टाङ्ग प्रणाम गऱ्यौँ, स्वागत, सत्कार र सम्मानमा २१ तोपको सलामी दियौँ । काठमाण्डुमा कर्फ्यु लगायौँ, देश पुर्ण रूपमा बन्द गरेर ठप्प पाऱ्यौँ । यो निकै महत्वको विषय थियो ।

यति मात्रै होइन उपलब्धीका पनि बहुआयाम छन् । हामीले संविधान संसोधन गरेर अबदेखि अङ्गीकृतलाई पनि देशका सम्वैधानिक पदमा पुगेर शासन गर्ने अवसर दिने वाचा गरेका छौँ । यसो भयो भने सुगौली सन्धिदेखि अर्धऔपनिवेसिक अवस्थामा रहेको हाम्रो मुलुक पूर्णरूपमा उपनिवेशिकमा फड्को मार्ने छ । छलाङ हान्ने छ । यो इतिहासकै सबैभन्दा ठुलो उपलब्धी हुने छ । यो कुरा त हुन्चै हुन्च । अब कोइ माइकालालले पनि रोक्न सक्ने छैन । यसो गर्नु हाम्रा लागि निकै गौरवको कुरो हो र यो आवश्यक पनि छ । अहिलेसम्म हामीलाई निर्देशन गरेर आएका मित्रहरूलाई प्रत्यक्ष रूपमा उनीहरूलाई नै सत्ता सुम्पिदिएपछि हामीलाई वैशाखी टेकेर सत्ता चलाउने झन्जट पनि रहँदैन । यो काम अहिलेसम्म कसैले गर्न सकेको थिएन । त्यहि भएर मैले तीनसय दिनको काम सयदिनमा नै सम्पन्न भएको छ भनेको हुँ । सैद्धान्तिक रूपमै यति ठूला उपलब्धी हासिल गरेका छौँ । यसलाई बुझ्ने आत्मसात गर्ने गिदीको विकास गर्नु जरुरी छ ।

पत्रकार मित्रहरू

यसका अतिरिक्त दैनिक मन्त्रालयहरू खोल्ने, भेटघाटमा आएकाहरूलाई भेट दिने, खादा ओढ्ने, माला लगाउने काम भएका छन् । विभिन्न सेमिनार र गोष्टीहरूमा भाषण गर्ने, उद्घाटन र सिलान्यास गर्ने, तलव भत्ता खाने खुवाउने जस्ता दैनन्दिनका अनगिन्ति काम पनि सम्पन्न भएका छन् । यो सयदिनमा न्युनतम पनि सय पटकसम्म त प्र.म.को हैसियतबाट म ट्वाइलेट पनि गएको छु । कयौँचोटी खोकेको र हाच्छ्युँ गरेको छु । बेलुका अलिकता रेडलेबल नलिइकन त म सुत्नै सक्दिन । त्यति व्यस्त भएर सरकारको कार्य सम्पादन गरेको छु ।'

यसरी उनले मन्तव्य दिँदै जाँदा मन्त्रीहरू, आफ्ना पार्टीका सांसदहरूले जोडले ताली बजाएर समर्थन गरे । पत्रकारदीर्घामा एकछिन निकैबेर हाँसोको फोहरा चल्यो । पत्रकारहरू खासखुस गर्न थाले । कोहीले प्रश्न सोध्नका लागि मुख उध्याउन थाले । यो दृश्य देखेर प्र.म.निकै हौसिए । रौसिए र केही सम्झँदै आफ्ना कुरा अघि बढाए ।

'तपाइँहरूसँग मेरो केही गुनासो पनि छ । हुन त मैले सरकारको जिम्मेवारी सम्हालेदेखि तपाइँहरूलाई ककटेलको व्यवस्था गर्न सकेको छैन । यसमा मलाई अलिकता खिन्नताको महसुस पनि भएको छ । सुरुमै तपाइँहरूलाई ककटेलको व्यवस्था र अलिकता दशैँ तिहारमा खर्चपर्चको जोहो गरिदिन पाएको भए सायद तपाइँहरूले सरकारको आलोचना मात्र पनि गर्नुहुन्थेन भन्ने मलाई लाग्च । खयर जे होस् यसमा मलाई दुःख पनि छ । आगामी दिनमा त्यसको व्यवस्था पनि गरौँला । मैले यहाँ भन्न खोजेको कुरो के हो भने तपाइँहरूले त समाचार लेख्नुहुन्च, छाप्नुहुन्च, रेडियो टिभिबाट प्रशारण गर्नुहुन्च । तपाइँहरूलाई त भन्न, समात्न र ठेँडुकोमा हाल्न पनि सकिन्च । तर यो फेसबुक, टुइटर केकेजाति भन्नेले पो हैरान परेसान गरेका छन् । संसारको जुनसुकै कुनामा बस्यो अनि अन्ठसन्ठ तथानाम लेखेर हाल्दिन्चन् र त्यो भाइरल बनेर सबैलाई सताउँच । अझ मेरो त खोइरो नै खेनेर हैरान पारिसक्यो । त्यसलाई ठिक पार्ने जुक्ती तपाइँहरूले पनि खोजिदिनु पऱ्यो भन्ने मेरो आग्रह छ ।'

२७ कार्तिक २०७३

kailubraha73@gmail.com

# 'ट्रम्प युगको सुरुवात'



- ट्रम्पको नारा 'मेक अमेरिका ग्रेट अगेन'
- आखिर कहाँ कहाँ चुकिन हिलारी
- के ट्रम्पको जितपछि अब भाँडभैलो हुन्छ ?
- सजिलो छैन आणविक राष्ट्र अमेरिकालाई नेतृत्व गर्न

केशरमणि कटुवाल




अमेरिकी राष्ट्रपतिको ५८ औं निर्वाचनले ४५ औं राष्ट्रपतिमा डोनाल्ड ट्रम्पलाई निर्वाचित गरेको छ । उनी यसअघि कुनैपनि राजनीतिक पदहरुमा आशिन नभएका र कुनैपनि राज्यको गभर्नर तथा सिनेटर नभएका व्यक्ति हुन् । त्यसकारण ट्रम्पले यसरी नै राजनीतिमा आफ्नो भूमिका स्थापित गरे, यति लामो राजनीतिक जीवन बिताए र भावी कार्यक्रमको ठोस प्रारुप यस्तो नै हुन्छ भनेर स्पष्ट रुपमा भन्न कम्तीमा अहिलेलाई कठिन छ । विश्वकै शक्ति राष्ट्र अमेरिकाको प्रमुख पदमा पुग्ने उनी कम राजनीतिक अनुभव प्राप्त व्यक्ति हुन् भन्नेमा भने हामी सहमत हुन सक्छौं । डोनाल्ड ट्रम्प कस्ता व्यक्ति हुन्, कसरी राजनीतिमा छाए र अबको उनको अमेरिकालाई नेतृत्व प्रदान गर्ने मुख्य एजेण्डाहरु के हुन सक्छन् ? उनले निर्वाचन प्रचारका क्रममा व्यक्त गरेका प्रतिबद्धतालाई कार्यान्वयन तिर मात्रै लगे भने संसारमा त बर्बादि भइहाल्छ भन्ने धारणा पनि अहिले व्याप्त छन् । यहाँ यसैको सेरोफेरोमा रहेर चर्चा गरिनेछ ?

**कसरी सत्तामा पुगे ट्रम्प ?**

निर्वाचनका क्रममा उनले अधिकांश चुनावी ऱ्यालीमा रातो रंगको क्याप टोली लगाएर उपस्थित भए अनी उनका समर्थकले पनि उनका जस्तै क्याप टोपीमा अभियान सञ्चालन गरे । अमेरिकामा रिपब्लिकनलाई रातो रंगले संकेत दिइएकाले उनको पनि सोही रंगको क्याप लगाउनु अनौठो कुरा पनि होइन । तर तपाईले ट्रम्पको टोपीलाई राम्रोसँग नियाल्नुभएको भए त्यहाँ एउटा वाक्य लेखिएको छ, त्यो हो 'मेक अमेरिका ग्रेट अगेन' अर्थात अमेरिकालाई पुनः महान बनाउँ । के त्यसो भए अमेरिका यसअघि महान् थिएन । थियो भने कहिलेसम्म र पछिल्ला समयमा महान किन बन्न सकेन यो प्रश्नले भने उत्तर मागिरहेको छ । अमेरिकी शक्तिमा ट्रम्पको उदय हो यहीनेर जोडिएको छ ।

एक बर्षभन्दा केही अघि अमेरिकी राष्ट्रपति पदका लागि उम्मेदवार चयन गर्ने रिपब्लिकन र डेमोक्रेटिक पार्टीको आन्तरिक प्रतिस्पर्धामा डोनाल्ड ट्रम्प सबैभन्दा कम चर्चामा रहेको र राष्ट्रपति निर्वाचनमा उम्मेदवार पाउने सम्भावना भएको मध्ये पनि सबैभन्दा कम सम्भावना भएका व्यक्तिको रुपमा गनिन्थे । रिपब्लिकन पार्टीको आन्तरिक प्रतिस्पर्धामा राष्ट्रपतिको दौडमा १९ जना सामेल थिए । ति मध्ये कतिपयले आफ्नो नाम फिर्ता लिए र कतिले प्रतिस्पर्धा गरे । तर उनीहरु रिपब्लिकन पार्टीको हस्ती हुँदाहुँदै पनि राष्ट्रपतिको उम्मेदवार बन्न सकेनन् । खासगरी जोन कासिज, टेड क्रुज, मार्को रुबियो, बेन कार्सन, जेब बुस, क्रिस क्रिष्टी, कार्ली फियोरिनालगायतका उम्मेदवार कडा प्रतिस्पर्धी थिए । यी सबैलाई रियल इस्टेट व्यापारी रहेका ट्रम्पले पछि पार्दै अमेरिकी राष्ट्रपति पदका लागि रिपब्लिकन पार्टीबाट आफ्नो उम्मेदवारी सुनिश्चित गर्न सफल भए । राष्ट्रपति निर्वाचनमा उम्मेदवार बन्ने औपचारिक घोषणा गरेदेखि नै उनीमाथि गरिएका हरेक भविष्यवाणी र सम्भावनालाई गलत साबित गरे । निर्वाचनको ठीक अघिल्लो दिनसम्म पनि विश्वभर नै हिलारी क्लिन्टन राष्ट्रपति बन्ने र ट्रम्प पराजित हुने अड्कलबाजीहरु सार्वजनिक भएका थिए । तर परिणाम ठीक उल्टो आएको र ट्रम्प युगको सुरुवात भएको छ ।

ह्वाइट हाउसको यात्रा तय गर्दा उनले फ्लोरिडा, ओहायो, नर्थ क्यारोलिना, पेनसिभेनियाजस्ता 'बेटल ग्राण्उड' मा जित हात पार्न सफल भए । बर्षौदेखि डेमोक्रेटको बर्चस्व रहँदै आएको मिडवेस्टमा ट्रम्पले आफ्नो झण्डा फहराउँन सफल भए । निर्वाचनका क्रममा उनले पटक पटक विवादास्पद विषयहरु सार्वजनिक गरिनै रहे । यौन काण्डदेखि, टिभी प्रस्तोतालाई अपमान गरेसम्म यति छिटो गतिमा उनका अलोकप्रिय भनाई र गराईहरु सार्वजनिक भए कि एउटै विषयले लामो प्रभाव पार्न सकेन । यस्तै अमेरिकी राष्ट्रपति निर्वाचनका क्रममा डेमोक्रेटिक पार्टीकी उम्मेदवार हिलारी क्लिन्टनको एउटै मात्र गल्ती थियो उनले गम्भीर प्रकारका इमेलहरु पठाउँदा सरकारी इमेलको साटो व्यक्तिगत इमेलहरु पठाउनु । उनको यस काण्डमा कुनै कमजोरी पत्ता नलागेपनि यसले उनको अभियानलाई धेरै तल झाऱ्यो । अर्थात हामी भन्न सक्दछौं कि ट्रम्पका धेरै विवाद बाहिर आए सबैको प्रभाव कम समय पऱ्यो, हिलारीको एउटै विवाद बाहिर आयो र यसले उनको समग्र अभियानलाई नै छिनेर लग्यो । चुनावी प्रचारका क्रममा ट्रम्पले अहिलेसम्मकै सबैभन्दा अनौठो र अलग तरिका अपनाए । हिलारी क्लिन्टनको तुलनामा उनले खर्च पनि कम गरे । पारम्परिक तरिका भन्दा धेरै ध्यान उनले जिततर्फ लगाए । ट्रम्प र उनका निकटस्थको रणनीति सफल साबित भयो र व्हाइट हाउस सम्मको बाटो तय गरे ।

**ट्रम्पले यी एजेन्डा कार्यान्वयन गर्लान् ?**

अमेरिकी राष्ट्रपति पदका लागि भएको निर्वाचनमा ट्रम्प एकाएक चर्चामा आउनुको पछि उनले दिएका विवादास्पद भाषण र अमिल्दा तथा असहज लाग्ने एजेण्डा नै हुन् । करिब एक वर्षअघि निर्वाचन अभियान सुरु गर्दा सानो आकारका ट्रम्प 'इलेक्सन डे' अर्थात नोभेम्बर ८ सम्म आइपुग्दा निकै शक्तिशाली बने । त्यसका पछि उनले राखेका एजेन्डा नै मुख्य कारण हुन् । उनले आफ्नो चुनावी प्रचारका क्रममा अमेरिकाले अब अरुको चौकीदारी गर्ने होइन, आफ्नो सुरक्षा पहिले गर्नुपर्छ, नेटोमा अमेरिकाले गर्दै आएको खर्च कटौती गर्नुपर्छ, नेटो अब पुरानो भइसक्यो त्यसबाट पछि हट्नुपर्छ, मुस्लिम र आप्रवासीलाई अमेरिकामा प्रवेश नदिने, अवैध आप्रवासीलाई अमेरिकाबाट निकाल्ने अनी मेक्सिकोसँगको सीमा क्षेत्रमा पर्खाल लगाउने लगायतका विषयलाई जोडतोडका साथ उठाएका छन् । उनले आफ्ना एजेण्डा चुनावी प्रचारका क्रममा राखेपनि यी सबै एजेण्डालाई कार्यान्वयन गर्ने कुरा चाँही साच्चै चुनौतीपूर्ण छ ।

पहिलो कुरा, अमेरिका अहिले आफैं एक्लो प्रयासमा 'सुपर पावर' बनेको होइन । अमेरिकालाई सुपर पावरको रुपमा स्थापित गर्ने पहिलो संस्था उत्तर एटलान्टिक सन्धी संगठन (नेटो) नै हो । अमेरिका नेटोका १२ संस्थापक राष्ट्रमध्ये प्रमुख राष्ट्र हो । नेटोका संस्थापक राष्ट्रमा बेल्जियम, क्यानडा, डेनमार्क, फ्रान्स, आइसल्याण्ड, इटाली, लक्जमबर्ग, नेदरल्याण्ड, नर्वे, पोर्चुगल र बेलायतसमेत हुन् । हाल नेटोमा ग्रिस, टर्की, जर्मनी स्पेन, चेक रिपब्लिक, हंगेरी, पोल्याण्डलगायत २८ देश सदस्य रहेका छन् । नेटोमा ठूलो रकम खर्चसमेत गर्ने अमेरिका सोही नेटोको साथ लिएर विश्वका विभिन्न देशमा युद्ध सञ्चालन गरिरहेको छ । यदी ट्रम्पले यो पुरानो भइसकेको भन्दै नेटोबाट हात झिकेमा अमेरिका विश्व शक्ति सन्तुलनमा एक्लिने र युरोपेली राष्ट्बाट पाउँदै आएको साथ नपाउने सम्भावना रहन्छ । बेलायत युरोपेली युनियनबाट बाहिर निस्कने पक्षमा आएको जनमतको परिणामलाई स्वागत गर्दा नै ट्रम्पप्रति युरोपेली राष्ट्रहरु झस्किएकै थिए ।

दोस्रो, अमेरिकाले मुस्लिमलाई अमेरिका प्रवेशमा कडाई गरेको खण्डमा ऊ स्वयमलाई असर पर्नेछ । किनकी अमेरिकालाई विश्वका थुप्रै मुस्लिम राष्ट्रले सहयोग गर्दै आएका छन् । त्यसकारण मुस्लिमसँग दुस्मनी बढाएको खण्डमा अमेरिकाप्रति इराक, साउदी अरब, युएई, टर्कीलगायतका राष्ट्रले सहयोग गरिनै रहन्छन् भनेर यकिन गर्न गाह्रो छ । त्यसो भएमा अमेरिकाले आफ्ना केही महत्वपूर्ण साथीहरुलाई गुमाउन पुग्नेछ । यस्तै उनलाई मेक्सिकोसँगको सीमानामा पर्खाल लगाउने, आप्रवासीलाई फिर्ता गर्ने निर्णय कार्यान्वयन गर्न सहज हुने छैन । यदी उनले आफ्ना एजेण्डा कार्यान्वयन गरेमा अमेरिका विश्व समुदायबाट एक्लिने र नगरेमा ट्रम्प अमेरिकी जनताबाट एक्लिने उत्तिकै खतरा रहनेछ । यसैमा उनको कार्यकाल चारवर्षमा नै सकिन्छ या थप चार वर्ष अनुमोदित हुन्छन् भन्ने निर्क्योल पनि हुनेछ । नीतिगत रुपमा बाहिर देखिएका यी विषय अमेरिकाभित्र कुन्ठित रहेको अन्धराष्ट्रवाद र राष्ट्रपति पदको निर्वाचनको परिणाम त्यसको प्रस्फुटन हो । त्यसकारण उनलाई आफैले चुनावमा उठाएका एजेन्डा कार्यान्वयन चुनौतीपूर्ण बन्नेछन् ।

**हिलारी कहाँ चुकिन् ?**

अमेरिकी राष्ट्रपति पदको अन्तिम प्रतिस्पर्धामा थिए रिपब्लिकन पार्टीका डोनाल्ड ट्रम्प र डेमोक्रेटिक पार्टीका हिलारी क्लिन्टन् । यो प्रतिस्पर्धा यस्तो प्रतिस्पर्धा थियो कि हिलारीले अमेरिकी राजनीतिमा चार दशक लामो यात्रा पार गरेर आएकी थिइन् भने ट्रम्प मात्रै एक वर्ष राजनीतिमा पूर्ण रुपमा लागेका थिए । तर अमेरिकाको यो निर्वाचनले सिंगो राजनीतिलाई नै विभाजित बनाएको छ । अमेरिकाको प्रथम महिला, सिनेटर, विदेशमन्त्री जस्ता महत्वपूर्ण स्थानमा आफ्नो भूमिका निभाइसकेकी हिलरीको अनुभव 'ट्रम्पको राष्ट्रवाद' सँग पराजित हुन पुग्यो । ट्रम्पको राष्ट्रवादबारे अहिले नै टिप्पणी गर्नु हतारो नै हुनेछ तर हिलारी स्वयमले भने अमेरिकी उकुसमुकुसलाई बुझ्न सकिनन् । पहिलेदेखि नै हिलारीमा आत्माविश्वासको कमी देखियो । सोही कारण नै उनको इमेल काण्ड गलत नहुँदा नहुँदै पनि ठूलो घटना बन्न पुग्यो । उनको छवी पूर्वी तटका कुलीन खानदानको जस्तो देखियो र उनले मजदुर वर्गको समस्यालाई बुझ्ने कोशिस नै गरिनन् । सोही कारण उनको मजदुर वर्गसँग दुरी बढ्दै गयो । अहिले तिनै मजदुर वर्गको भोट रियल स्टेट अर्बपति ट्रम्पलाई गयो । अमेरिकामा महिला भोटरको संख्या पुरुष भोटरभन्दा १० लाख बढी छ । हिलारीलाई यसले फाइदा नै पुऱ्याउने आकलन गरिएको थियो । प्राइमरीका क्रममा पहिलो अमेरिकी महिला राष्ट्रपतिका लागि उनीहरुलाई एकजुट पार्न कठिनाई पनि देखिएको थिएन । तर उनले त्यसलाई आफ्नो पकडमा नै राखिरहन सकिनन् । उनले एक चुनावी भाषणका क्रममा आफू घरमा नै बसेर कुकिज बनाएर मात्रै बस्न नसक्ने बताइन् । यसलाई महिलाले श्रम र महिला दुवैमाथिको अपमान र उनको स्तर साधारण महिला भन्दा फरक रहेको अर्थमा बुझे भने चुनावमा लैंगिक विभेदको पनि भूमिका देखियो । निकै परम्परावादी र पितृसत्तात्मक सोच भएका अमेरिकीले उनलाई महिला राष्ट्रपतिको रुपमा हेर्न चाहेनन् । यस्तै अधिकांश अमेरिकीहरु परिवर्तनको चाहाना राख्ने थिए । तर हिलारीलाई जिताएमा उही पुरानै अवस्था दोहोरिने देखियो जो अमेरिकीहरुले पहिले देखि नै बेहोर्दै आएका थिए । अमेरिकामा कुनै पनि पार्टीले लगातार ३ पटक राष्ट्रपति जित्नु निकै कठिन कुरा हो । अघिल्ला दुई कार्यकालमा डेमोक्रेटिक पार्टीकै बाराक ओबामा राष्ट्रपति भएकाले यो पटक परिणाम रिपब्लिकन तिर गयो । उनको 'स्ट्रंगर टुगेदर' नारामा त्यति दम थिएन, जति 'मेक अमेरिका ग्रेट अगेन' मा थियो । उनको प्रचार अभियानमा केही रणनीतिक कमजोरी पनि हुन पुग्यो । उनले पहिले देखि नै डेमोक्रेटिक पार्टीको पकड रहँदै आएको नर्थ क्यारोलिना, फ्लोरीडा, ओहायोजस्ता राज्यमा समय र संशाधन दुवै खर्च गर्न चाहिनन् । यी तिनै १८ राज्य थिए, जहाँ लगातार ६ वटा चुनावमा डेमोक्रेटिक पार्टी विजयी भएको थियो । ट्रम्प श्वेत मजदुर वर्गका मतदाताको मदतमा पेनसिलभेनिया, विस्कन्सिनजस्ता राज्यमा जित निकाल्न सफल भए । जहाँ सन् १९८४ देखि अहिलेसम्म रिपब्लिकन उम्मेदवार विजयी भएका थिएनन् । यो हिलारीलाई नकार्नुभन्दा पनि आधा भन्दा बढी अमेरिकीले गरेको ओबामा नीतिको खारेजी पनि थियो ।

**अब के हुन्छ ?**

अहिले डोनाल्ड ट्रम्पले जितेमा के हुन्छ भन्ने चासो सर्वत्र छ । तर खास अमेरिकी नीतिहरुमा धेरै बदलाव आउने सम्भावना देखिदैन । रेगनदेखि ओबामासम्म जो राष्ट्रपति भए पनि अमेरिकाका आधारभूत नीतिमा परिवर्तन भएको छैन । त्यसकारण अहिले ट्रम्प आउँदा यस्तो हुन्छ र हिलारी आएको भए यस्तो हुन्थ्यो भनेर विश्लेषण गरिरहनुको खासै औचित्य छैन । ट्रम्प आएपनि या हिलारी आएको भएपनि काम गर्ने शैलीमा फेरबदल अवश्य नै आउँछ । घरेलु नीतिमा केही सुधार वा भिन्नता आउनु पनि स्वभाविक नै हो । तर आधारभूत रुपमा अमेरिकी नीति र स्वार्थमा कुनै पनि राष्ट्रपतिका पालामा फेर बदल भएको हामी पाउँदैनौं । यसअघि गैरराजनीतिक पृष्ठभूमिबाट अमेरिकी राष्ट्रपति बनेका डेभिड आइजनआवरको नीतिमा के परिवर्तन आयो ? अनी त्यसपछिका राजनीतिक पृष्ठभूमिका राष्ट्रपतिले के सुधार गरे ? त्यो प्रष्ट छ । त्यसकारण ट्रम्पले आफ्नो चुनावी अभियानका क्रममा राखेका सबै कुरालाई कार्यान्वयन गर्न कठिन पर्नेछ । त्यसको पहिलो छनक राष्ट्रपति ओबामासँग ह्वाइट हाउसमा भएको भेटको कुराकानीले नै दिन्छ । जहाँसम्म अहिले ट्रम्पलाई डेमोक्रेटिकको नजरबाट बाहिर परेका र मजदुर वर्गको भोट गयो भन्ने सवाल छ, यो सत्य हो । तर, उनी ति वर्गका लागि बोलिदिने राम्रो पात्र भएकै कारण भोट गएको भने अवश्य होइन । उनलेल जनतामा उकुसमुकुस भएको कुरा बोलेका कारण केही भइहाल्छ कि भन्ने आशामा गएको हो । करिब ४० वर्षअघि सुरु भएको नवउदारवाद यतिबेला गिर्दो अवस्थामा छ । राष्ट्रसंघकै कतिपय संस्थाहरुले यसमा परिवर्तनको कुरा उठाइसकेका छन् । त्यसकारण पनि अहिले जनतालाई विकल्प चाहिएको छ । बेलायती जनताले ईयूको विकल्पमा स्वतन्त्रता खोजेजस्तै अमेरिकीहरुले पनि नवउदारवादको विकल्प खोजेको हुनसक्छ । वालस्ट्रिट आन्दोलन यसकै परिणाम पनि थियो । यही नेतृत्वबाट त्यो प्राप्त हुन्छ या हुन्न त्यो भने भन्न सक्ने अवस्था छैन । तर, ट्रम्पका दुई वटा नाराले भोट तानेको चाँहि अवश्य हो । पहिलो 'मेक अमेरिका ग्रेट अगेन' र दोस्रो जानी नजानी नवउदारवादी अर्थव्यवस्थाविरुद्धको भाषण । हिलारी नवउदारवादको पक्षमा देखिइन् । अमेरिकी समाजमा पनि पछिल्लो समयमा असमानता ह्वात्तै बढेको देखिन्छ । सन् २०१० मा गरिएको एक सर्वेक्षणमा ३८८ धनी बराबर ५० प्रतिशतको सम्पत्ति थियो भने अहिले सो दर घटेर ६२ जना धनी बराबर ५० प्रतिशत जनताको सम्पत्ति रहेको देखिन्छ । यसले धनी झन धनी र गरिब झन गरिब हुँदै गएको देखाउँछ । त्यसकारण काम गर्ने वर्गका जनतामा त्यसप्रति घृणा हुनु स्वभाविक छ । ट्रम्पले आफ्ना नारामा त्यो वर्गका कुरा ओकलेपनि व्यवहारिक रुपमा उनी त्यसको पक्षमा जान भने असम्भव प्राय देखिन्छ ।

सिंगो रिपब्लिकन पार्टीबाट चुनाब जित्न सफल भएका ट्रम्पले हिजोजस्तै अपरिपक्वता देखाएभने त्यसले उनको नेतृत्व क्षमतामाथि प्रश्न उठाउनेछ । निर्वाचन प्रचारका बेला उनले जति पनि प्रचार र चर्चामा आउने अभिव्यक्ति दिँदा क्षम्य हुन्थ्यो अब त्यो सुविधा उनलाई हुनेछैन । फेरि सिंगो अमेरिकाको राजनीति र कूटनीतिको एक्लो चालक ट्रम्प हुनेपनि हैनन् । ट्रम्पसँग रिपब्लिकन 'थिंकट्यांक' रक्षा, परराष्ट्रलगायतका विषयमा राम्रो ज्ञान भएका राजनीतिक व्यक्तिहरु हुनेछन् । त्यसकारण पनि उनले आफूखुसी निर्णय गर्दै गएको खण्डमा उनी राजनीतिक घेराबन्दीमा पर्नेछन् । त्यसकारण पनि ट्रम्पको नेतृत्व आउँदैमा अमेरिकी समग्र नीतिमा परिवर्तन हुने अवस्था छैन । किनकी अमेरिका यसअघि कुनै नीति नै नभएको र जो आयो उस्तै नीति बन्ने राष्ट्र पनि होइन । निश्चित नीति र मान्यताहरुकै आधारमा अमेरिकाले आज आफूलाई शक्ति सम्पन्न देशको रुपमा उभ्याएको हो ।

अन्त्यमा, अमेरिकाको नेतृत्व गर्ने भनेको अहिले पनि एउटा परमाणु शक्ति सम्पन्न मुलुकको नेतृत्व गर्ने नै हो । अमेरिका अहिले पनि परमाणु शक्तिमा रुसपछि दोस्रो स्थानमा रहेको छ । यस्तै बेलायत, जर्मनी, भारत, पाकिस्तान, उत्तर कोरिया, इजरायल, जापानलगायतका देशसँग परमाणु हतियार मौजुद रहेको छ । सोही कारण पनि अहिलेको विश्व संवेदनशील विश्व पनि हो । विज्ञान र प्रविधिको आजको समयलाई नेतृत्व प्रदान गर्ने भन्ने कुरा कुनै निर्वाचन जित्नका लागि दिएको आश्वासन भरिएको भाषणबाजीले मात्रै पुग्दैन । जनताको आशा र भरोशालाई कायम राख्न त्यसको कार्यान्वयन पनि उत्तिकै जरुरी हुन्छ । ट्रम्पले पनि आफ्नो चुनावी अभियानका क्रममा बाँडेका आश्वासनलाई कार्यान्वयनमा पनि लैजानुपर्ने आवश्यकता छ । उनका एजेन्डा कार्यान्वयन भने अमेरिकी नीति र कार्यक्रमभित्र रहेर गर्नुपर्ने बाध्यता ट्रम्पसामु रहनेछ ।

# विदेशको जेल जीवन

सीपी गजुरेल



कारागारबाट अदालतमा जाने लिष्टमा आज उसको नाम पनि परेको थियो। प्रायः मुद्दा फैसला नभएका पुर्पक्षका लागि जेलमा राखिएका बन्दीहरुलाई अदालतमा उपस्थित गराउने गरिन्छ। उ अदालत जाने भने पछि जहिले पनि खुसी हुन्थ्यो, किनभने सरकारले उसलाई आतंककारीको नेता भनी परिभाषित गरेको थियो। त्यसैकारण उसलाई जेल भित्रको सेलमा राखिन्थ्यो र कुनै बेला, खासगरी बाहिर क्रान्तिकारीहरुको गतिविधि बढेका बेलामा वा भारत वा अन्य कुनै देशको कुनै नेता कतै जेल तोडेर बाहिर निस्केको घटना घटेको जेल अधिकारीलाई सूचना आयो भने त्यो सेल दिउँसो पनि ताल्चा लगाएर बन्द गरिन्थ्यो र उसले चौबिसै घण्टा त्यही सेलमा बिताउनु पर्दथ्यो। उसलाई लाग्दथ्यो, 'कमसेकम केही घण्टा भने पनि जेल भन्दा बाहिरको हावा त खान पाइन्छ। शहरका गतिविधि एक छिन भने पनि हेर्न पाइन्छ। वकिलहरुसँग कुराकानी गर्न पाइन्छ। साथीभाइहरुसँग कुराकानी गर्न नपाए पनि देख्न त पाइन्छ। त्यसैले कोर्टले एक एक हप्ताको तारिख दिए पनि हुन्थ्यो।' तर, आतंककारीहरुलाई छिटो छिटो बाहिर ननिकाल्ने नीतिलाई कोर्टले पनि ध्यान दिने गर्दथ्यो र प्रायः एक महिनामा मात्र कोर्टलैजाने आदेश हुन्थ्यो। सुरक्षाको कारण देखाएर एक महिनाको तारिखको दिन जेलमै अदालतको खाता ल्याएर सहिछाप गराउने प्रचलन पनि त्यत्तिकै प्रचलित थियो।

सहायक जेलरले बोलाएपछि उ जेलको ठूलो गेटतिर लाग्यो। एउटा कर्मचारीले कोर्ट जानेहरुको नाम पढ्दै थियो। उसको नाम आएपछि उ जेलको सानो गेटबाट निस्कने बित्तिकै पाँच जना जति प्रहरीले उसका दुबै पाखुरामा समाते र एउटा हवल्दारले उसको हातमा हत्कडी लगायो र अर्को हत्कडी आफ्नो हातमा लगायो। इन्सपेक्टरले दुबै हत्कडीमा ताल्चा लगाएर चाबी आफ्नो खल्तीमा हाल्यो। विगत ३ वर्ष देखि हरेक महिना यही क्रम चलिरहने गरेकाले उसलाई कुनै अनौठो लागेन। तीनवटा प्रहरी भ्यान लस्करै उभिएका थिए। उसलाई बिचको भ्यानमा राखेर सबैजना प्रहरीहरु भित्र पसे। तीनै वटा गाडीहरु निरन्तर यही लहरमा कुदिरहेका थिए।

विशाल जंगलका बिचको राजमार्गमा उसलाई लिएर हिँडेका गाडीहरु दगुरिरहेका थिए। यो यात्रा उसका लागि अनौठो जस्तो लागिरहेको थियो। उसले आजसम्म कहिल्यै थाहा नपाएका ठाउँबाट बेगमा गाडी दौडिरहँदा उसलाई भित्र भित्रै आशंका पनि भैरहेको थियो, 'आखिर यिनीहरुले मलाई कता लैजाँदै छन् ?' उसले राजमार्गको बगलमा गाडिएको सिमेण्टको पिलरलाई नियालेर हेऱ्यो। एउटा पिलरमा अँग्रेजीमा लेखिएको थियो, गुवाहाटी ४० कि मि। यसबाट उसले अडकल काट्यो कि उसलाई तिनीहरुले आसामको गुवाहाटी लैजाँदैछन्। किन त्यहाँ लैजाने होला त ? यस प्रश्नको सहज उत्तर निस्कन सकिरहेको थिएन। धेरैबेर घोरिएपछि उसले अनुमान गऱ्यो, 'सायद आसामको कुनै आतंकवादी भनिएको संगठनमा जोडेर झुठा मुद्दा तयार पार्नलाई होला।' उसले आफ्नो मन बलियो बनायो, 'जे सुकै भए पनि सामना गर्नु बाहेक अर्को विकल्प नै के छ र ?'

एकैछिन पछि तीनैवटा गाडीको काफिला राजमार्ग छाडेर सहायक मार्ग तिर लाग्यो जुन पक्की सडक नै थियो। उ फेरि अल्मलियो, 'अब कता लैजाने हुन्।' झण्डै आधा घण्टा पछि गाडीहरु एउटा सानो शहर भित्र प्रवेश गरे। साइनबोर्ड हेरेर उसले थाहा पायो कि यो पश्चिम बंगालकै कुनै सानो शहर थियो। त्यसको १० मिनेट पछि सबै गाडीहरु एक साथ रोकिए। तीनवटै गाडीका पुलिस बाहिर निस्के र उसलाई बीचमा पारे। अनि एउटा पक्का घरमा लिएर गए। त्यसपछि हतकडी खोलेर तिनीहरुले उसलाई मजिस्ट्रेट कोर्टको अपराधीलाई उभ्याउने कठघरामा उभ्याए। मजिस्ट्रेटले उसको नाम सोधे। अनि उनले भने, 'तिमीलाई यहाँको चौकी कब्जा गर्ने मुख्य योजनाकार र नेतृत्वकर्ताको आरोपमा राष्ट्र विप्लव मुद्दा दायर भएको छ र तिमीलाई त्यसै मुद्दामा यहाँ उपस्थित गराइएको हो।' उनले वारदात भएको मितिलाई उद्दृत गर्दै त्यो मितिमा 'तिमी कहाँ थियौ ?' भन्ने प्रश्न गरे। उसले सहज जवाफ दियो, 'यसै देशको तामिलनाडु राज्यको चेन्नाई सेण्ट्रल जेलमा।' उसले जन्जाई प्रश्न गऱ्यो, 'के हजारौं किलो मिटर टाढाको जेल भित्रको सेलमा राखिएको बन्दीले यहाँ आएर वारदात गऱ्यो भन्ने तपाईलाई विश्वास लाग्छ ?' एकछिन जज् नाजवाव भए र त्यसपछि भने, 'यो त तिमीले वहश गर्दा भन्ने विषय हो। अहिलेलाई तिमीलाई पुर्पक्षका लागि थुनामा पठाइन्छ।' यस्तै मुद्दा यसैगरी उसलाई न्यू जलपाईगुडी मजिस्ट्रेट कोर्टले पनि लगाएको थियो। भारतीय कानूनमा यो मुद्दामा जन्म कैद र फाँसी सम्मको सजायको व्यवस्था छ।

उसले आज भन्दा तीन वर्ष अघि उ तामिलनाडु राज्यको राजधानी चेन्नईमा गिरफ्तार भए पछि पुलिस् इन्स्पेक्टरले बयान लिएको घटना र यस प्रकारका थुप्रै घटनाहरु उसको मन मस्तिष्कमा सिनेमाको रिल जस्तै निरन्तर चलिरहेका थिए। चेन्नई एअरपोर्ट थानाको पुलिस इन्स्पेक्टरले प्रश्न गरेको थियो, 'लौ भन, तिमीले भारतको माओवादी पार्टीको कुन नेतालाई भेटेर आएका हौ ?' उसले सहज जवाफ दिएको थियो, 'म सिधै यहाँ आएको हुँ, कुनै नेतालाई म चिन्दिन र भेट पनि गरेको छैन।' इन्स्पेक्टरले रिसाएर राता आँखा पार्दै भनेको थियो, 'तिमीले भेटेको प्रमाण हामी सँग छ। साँचो कुरा बोल्छौ भने तिमी सँग सहज बयान लिइने छ, भनेनौ भने हामी कठोर रुपमा प्रस्तुत हुने छौं।' उसले भनेको थियो, 'मैले जे भनेको छु, त्यो नै साँचो कुरा हो।' त्यसपछि इन्स्पेक्टर झन् रिसले आगो हुँदै भनेको थियो, 'यसले सजिलै साँचो कुरा भन्ला जस्तो छैन, मर्मत गर्नै पर्ने भयो केटा हो। केही गरी मरिहालेछ भने समुद्रमा फाली दिउँला।' बयान लिँदा लिँदै इन्स्पेक्टरलाई फोन आयो। उसले तामिल भाषामा केही कुरा गऱ्यो। त्यसको एकैछिन पछि अर्को इन्स्पेक्टर आइपुग्यो। ती दुबै जनाले अर्को कोठामा एकछिन कुरा गरे। त्यस पछि दुबै जना उसको बयान लिन थालेका थिए। नयाँ आउने इन्स्पेक्टरले भनेको थियो, 'यसलाई म लिएर जान्छु, छत्तीसगढको दन्तेवाडा क्याम्पमा लगेर बयान लिए पछि यसले सबै कुरा उकेल्छ, उकेलेन भने जान्छ परलोक। मरेछ भने जंगलमा लगेर फालि दिउँला।' बयान लिँदा दिइएको यातनाका कारण चोट लागेको उसको एउटा आँखा अझै ठीक भएको थिएन र बेला बेलामा उपचारका लागि उ आँखा अस्पताल धाउनु परिरहेको थियो।

बयान लिँदा रातको ११ बजिसकेको थियो। उसले सोचेको थियो 'अब त केही घण्टा आराम गर्न पाइएला।' तर सई ले 'कोर्ट जान तुरुन्तै तयार भै हाल।' भन्ने आदेश जारी गरेको थियो। नेपालमा अदालत प्रायः राति खुल्ने गरेको उसलाई थाहा थिएन। उसले सोच्यो, 'यो मध्य रातमा पनि कुनै कोर्ट खुल्छ र ? पक्का कुनै षड्यन्त्र गर्दैछन्।' उसलाई तीन वटा मध्येको बिचको भ्यानमा राखेर गाडीको त्यो काफिला दौडिरहेको थियो। गाडी मरिना बीच हुँदै समुद्रको छेउको बाटोबाट अघि बढ्दै थियो। उसले बयानका दौरानमा 'तँलाई समुद्रमा फालि दिन पनि सक्छौं' भनेको सम्झ्यो। इन्स्पेक्टरले गाडी रोक्ने इशारा गऱ्यो। उसको जिउ सिरिङ्ग गऱ्यो। सायद अब जीवनको अन्तिम समय आएको हो कि भन्ने ठान्यो। उसले आफ्नो मन बलियो बनाउन विश्व कम्युनिष्ट आन्दोलनका महान् नेताहरुलाई सम्झियो, कहिल्यै नझुकेर जीवन बलिदान गर्ने सहिदहरुलाई सम्झ्यो। पान चपाउँदै इन्स्पेक्टर गाडी भित्र पस्यो। समुद्रको बाटो सकिए तीनैवटा गाडी शहर तिर लागे। बल्ल उ ढुक्क भएको थियो। मजिस्ट्रेटको क्वार्टरमा पुग्दा रातको साँढे १२ बजेको थियो। क्वार्टरमा केवल मानिस घुरेको आवाज मात्र आइरहेको थियो। इन्स्पेक्टरले धेरै पटक बेल बजायो, तर ढोका खुलेन। लगभग आधा घण्टा पछि गञ्जी र लुङ्गी लगाएको मानिस आँखा मिच्दै बाहिर निस्कियो। उनी नै उसको भाग्यको फैसला गर्ने जज् थिए। बयान हेर्ने वा उ सँग केही सोध्ने त कुरै छाडौं बन्दीको अनुहार तिर पनि उनले हेरेनन्। बरण्डामा राखिएको एउटा कुर्सीमा बसेर एउटा कागजमा उनले तोक लगाए। तोकमा लेखिएको थियो, 'आतंककारी भएको आशंका छ। कडा सुरक्षाका बिचमा कारागारमा राख्ने।' जेल भित्रको यातनापूर्ण जीवनको सुरुवात् यो आदेश सँगै भएको रहेछ भन्ने कुरा उसले जेलमा पुगिसकेपछि थाहा पाएको थियो।

मध्यरातमा निद्रा बिग्रिएकोमा जेलरको रिसको पारो चढेको थियो। उसले इन्स्पेक्टर सँग आक्रोश पोख्यो, 'यस्ता बन्दीलाई आधारातमा लिएर आउने हो, दिउँसै ल्याउनु पर्दैन इन्स्पेक्टर साहेब ?' इन्स्पेक्टर आफैं थकाई र निद्राले चूर भएको थियो, उसले जेलरको भनाईलाई असहज रुपमा लिँदै भन्यो, 'हामीले पनि नबुझेको होइन, नभ्याएर न हो, नत्र यो मध्य रातमा अनिदो भएर दौड धुप गर्न हामीलाई पो के रहर थियो र ?' इन्स्पेक्टरले खाकीको युनिफर्मको पकेटबाट दुई प्रति कागज निकालेर जेलरलाई दियो। जेलरले एक प्रतिमा सही गरी दियो र एक प्रति आफूले राख्यो।

उसलाई जेलरले छुट्टै कोठामा लग्यो र आदेशात्मक तरिकाले भन्यो, 'तिमी सँग भएको पैसा, सूनको गहना, घडी आदि केही छ भने जम्मा गर। तिम्रो सर्ट, पाइण्ट खोल हामी बडी सर्च गर्छौं।' उसलाई अनौठो लाग्यो। पञ्चायती शासनको बेलामा उ नेपालको जेलमा लामो समय सम्म बसेको थियो। त्यहाँ घडी बाँध्न, आफ्नो आवश्यकताका लागि पैसा राख्न, किनमेल गर्न पाइन्थ्यो। यहाँ त अलिअलि भएको पैसा पनि यहीँ डिपोजिट गर्नु पर्ने, समय हेर्नका लागि आफ्नो घडी पनि हेर्न पनि नपाइँने ? लोकतन्त्र भन्छन् यहाँ त झन् त्यती स्वतन्त्रता पनि छैन ? उसलाई चित्त बुझेन। उसले प्रतिवाद गर्न खोज्यो, 'समय हेर्न घडी पनि बाँध्न नपाइने ? किनमेल गर्ने पैसा पनि राख्न नपाइने ? के हाम्रा सबै आवश्यक सामान तपाईले उपलब्ध गराउनु हुन्छ ?' राता आँखा फुकालेर हेर्दै आदेशात्मक शैलीमा जेलरले भन्यो, 'मैले जे भन्छु त्यही गर यो वहश गर्ने ठाउँ होइन, कुरा बुझ्यौ ?' उसले जेल गार्डको हवल्दारलाई आदेश गऱ्यो। उसले तामिल भाषाको त्यो पूरै आदेशलाई त बुझ्न सकेन, केवल 'टेरोरिष्ट' भन्ने शब्द मात्र बुझ्यो।

हवल्दारले उसलाई त्यो विशाल जेलको कुनाको एउटा कोठातिर लिएर गयो। ताल्चा खोल्यो। अँध्यारो कोठा थियो। त्यसै भित्र हुलेर ताल्चा लगाएर हवल्दार हिँड्यो। उसले लामो समयको यातना पश्चात् आज राति त आराम गर्न पाइन्छ कि भन्ने आशा गरेको थियो। आतंककारीलाई राख्ने यो कोठा फोहोरले उग्रगन्ध गन्हाइरहेको थियो। भोका लामखुट्टे मानिसको गन्ध आउने बित्तिकै एकै पटक हजारौंको संख्यामा आक्रमण गर्न आए। धपाएर साध्य नलाग्ने भए पछि उ चुपलागेर लामखुट्टेलाई रगत चुस्न दिइरहेको थियो। उसले पाखुरामा मसाऱ्यो, हातभरी आफ्नै रगत ! उसलाई लाग्यो आज रातभरीमा उसको रगत यी भोका लामखुट्टेको हुलले खाइसक्ने छन्। उसलाई तिर्खा लाग्यो,' झन् बढ्दै गयो। तर त्यहाँ पानी पाउने सम्भावना थिएन। उसलाई पिसाबले च्याप्यो। तलबाट पेट फुल्दै आयो। उसलाई छट्पटी भयो, तर त्यहाँ उसको पीडा सुनिदिने कोही थिएन। कति बेला उज्यालो होला भनेर उसले बेचैनीका साथ प्रतिक्षा गरिरह्यो। ढोका खुल्दा उसको घाँटी, ओठ, मुख, नाक सबै सुकिसकेका थिए। हत न पत्त उसले धारामा गएर पानी खायो। एउटा कैदीले इशारा गऱ्यो 'यो पानी खानु हुँदैन, झाडा पखाला लागेर मरिन्छ।' फर्केर कोठामा आयो ते सुत्न सकिन्छ कि भन्ने आशा गरेर। त्यो कोठाको यत्र तत्र रगतको टाटा थिए। त्यो देखे पछि झन् उ तर्सियो र बाहिर निस्कियो।

केही समय पछि उसलाई पखाला चल्यो। थामी सक्नु भएन। दुई घण्टा मै उ लखतरान भयो। उसको मुख, ओठ, जिब्रो, छाती सबै सुके एकै साथ। उसलाई लाग्यो डिहाइड्रेसन भयो, अब के गर्ने होला। उसले त्यहाँ भएका कैदी बन्दी मध्ये कोही सहयोगी छ कि भन्ने खोज्ने प्रयास गऱ्यो। एकजना युवा उमेरको बन्दी पत्रिका पढ्दै थियो। उसले आफ्ना समस्या छोटकरीमा राख्यो। त्यो युवकले उ प्रति सहानुभूति प्रकट गर्दै उसको अनुहार तिर हेरेर भन्यो, 'ओ हो तपाईंलाई त डिहाइड्रेसन भए जस्तो छ, बस्नुस् यो एक लिटर पानी खाइहाल्नुस्।' उसले बाहिरबाट किनेर ल्याइएको ५० लिटरको क्यानबाट एक लिटरको बोतलमा खाने पानी खन्यायो र उसलाई खान दियो। त्यती पानी खाइसके पछि बल्ल उसको पोल्न थालेको पेट र छाती शित्तल भए जस्तो लाग्यो, उसको घाँटी, जिब्रो र ओठ, मुख रसिलो भएर आए जस्तो लाग्यो। उसले आज सम्म पनि त्यो बोतलको एक लिटर पानीले आफ्नो ज्यान बचाएको सम्झिरहेको छ र आज सम्म पनि उ पानीलाई अमृत जस्तो ठान्दछ। त्यो युवकले उसलाई 'तपाईं यहीँ आराम गर्नुस् केही समय' भनेर प्लाष्टिकको गुन्द्री ओछ्याइदियो। अनिदो, थकावट र डिहाइड्रेसनबाट लिथो लिथो भएको उ तुरुन्त मस्त निद्रामा पऱ्यो। उसलाई लाग्यो यो मानिस नै उसको भाग्य विधाता थियो।

भोलिपल्ट त्यही युवकले उसको गिरफ्तारीको खवर 'इण्डियन एक्सप्रेस' राष्ट्रिय अँग्रेजी दैनिकमा छापिएको कुरा सुनायो। त्यसबाट उ अत्यन्त खुसी भयो। उसले मनमनै सोच्यो 'सायद अब मलाई समुद्रमा फाल्न सक्दैनन् होला।' त्यसको एकछिन पछि सहायक जेलर आयो भेट्न। उसले सोध्यो, 'कस्तो छ तपाईंको स्थिति ?' उसको कन्सिरी तातेर आयो, उसले जवाफ दियो, 'यदि तपाईंको सरकारले मार्नकै लागि यस जेलमा ल्याएको हो भने यही स्थितिमा मलाई राख्नुस् तपाईंहरुले धेरै दिन कुर्नु पर्दैन, बढीमा एक महिना कुरे तपाईंहरुको इच्छा पूरा हुन्छ। यदि त्यसो होइन भने यहाँबाट मलाई बाँच्न सक्ने ठाउँमा राख्नुस् बाँच्न सम्म सक्ने सुविधा दिनुस्।' उसको आक्रोसित अनुहार हेरेर सहायक जेलरले भन्यो, 'हामीले त अदालतको आदेशको पालना गर्नु पर्छ। अदालतले फष्टक्लासमा राखेर उच्च सम्मानको व्यवहार गर्नु भन्ने आदेश दिएको भए तपाईंलाई हामीले त्यही अनुसारको सुविधाजनक ठाउँमा राखेर सुविधा उपलब्ध गराउने थियौं। तर तपाईंलाई टेरोरिष्टका रुपमा व्यवहार गर्ने आदेश छ। त्यसैले तपाईं सुविधाको धेरै आशा नगर्नुस्। ठीक छ हामी सकेसम्म तपाईंलाई राम्रै व्यवस्था गर्छौं, धेरै चिन्ता नगर्नुस्।' करिब दुई घण्टा पछि जेलका दुई जना सिपाही आएर उसलाई परको एउटा कोठामा लिएर गए। कोठा सफा थियो। अर्को एकजना बन्दी त्यहाँ बस्ने गरेको थियो। उसले त्यो बन्दी सँग परिचय गऱ्यो। उसको नाम थियो 'सुब्रमन्यम',पत्रकार। उसको तामिल भाषाको दैनिक पत्रिका राज्यभरीमा ६० हजार प्रति बिक्री हुन्थ्यो। त्यो पत्रिकाले सरकारमा भएको भ्रष्टाचारलाई उदांगो पार्ने काम गर्दथ्यो। मुख्य मन्त्रीले गरेको भ्रष्टाचार कै पर्दाफास गरेको कारणले उ करिव ७ महिना देखि आतंककारीको अभियोगमा जेल जीवन बिताइरहेको थियो। पत्रकार संगठनहरुको संघर्षको दवाबका कारण उ केही दिन मै तारिखमा छुट्ने सम्भावना बढेर गएको थियो। उसलाई लाग्यो 'अब चाँडै मरिँदैन।'

भोलिपल्ट १० बजे तिर एकजना मानिस हातमा थुप्रै पर्चा लिएर हिँडिरहेको थियो र उसको नाम बोलाउँदै थियो। कसले किन बोलाएको भन्ने थाहा भएन। सुब्रमन्यम्ले भन्यो, 'तपाईंलाई भेट्न कोही आएको छ, पर्चा लिएर आउनुस् भेट्नेको नाम म बताई दिउँला।' उसले मनमनै सोच्यो, 'यती चाँडै थाहा भएर को आयो होला मलाई भेट्न ?' तर उसको खुसीको भने सीमा थिएन। पर्चा हेरेर सुब्रमन्यम्ले 'भेट्न आएको तपाईंकी श्रीमती अमृता' भने पछि खुसीले उसलाई के गरौं र कसो गरौं जस्तो भयो। भूमिगत अवस्था, लामो समय भैसकेको थियो उनीहरुको भेटघाट नभएको। आज यस्तो आपतको बेला आफ्नी श्रीमतीलाई भेट्न पाउने भए पछि उ खुसी नहुने कुरै भएन। एक निमेषमै उ जेलको गेटमा पुग्यो। त्यहाँको एक घण्टाको पर्खाई उसलाई एक महिना जस्तो लागिरहेको थियो। उसले तारको जालीबाट यता चियाइरहेकी श्रीमतीलाई चिन्यो, हर्षका आँसु पुछ्दै उ यतापट्टीको तारको जालीमा उभियो। उसकी श्रीमतीले चिनी, उसको रुवाई थामिनसक्नु भयो। डाको छाडेर रोई। उ पनि मुख छोपेर रोयो।

उसले श्रीमतीलाई सोध्यो, 'तिमीले म गिरफ्तार भएर यहाँ छु भन्ने कसरी थाहा पायौ ?'

'बीबीसीले भनेर।'

'अनि यती चाँडै कसरी यहाँ आई पुग्यौ त ?'

'समाचार सुन्नेजति सबैले भन्न थाले, अब तिम्रो श्रीमान्को ज्यान जोगिन गाह्रो छ। मुख सम्म हेर्न पाउँछ कि भनेर '..राति नै प्लेनको टिकट'.' कुरा पुऱ्याउन सकिन'।

उसले श्रीमतीलाई ढाडस् दियो, 'मेरो गिरफ्तारीका विषयमा राष्ट्रिय, अन्तराष्ट्रिय रुपमा चर्चा चलिसकेको छ, अब मलाई केही गर्न सक्दैन, तिमी ढुक्क भएर बस।'

उसकी श्रीमतीले खाने पानी मात्र होइन, उसलाई बाहिरबाट ताजा राजनीतिक समाचार पनि ल्याइहेकी थिई। उनको साहस र सकृयता तामिलनाडुमा चर्चाको विषय बनेको थियो। एउटा लोकप्रिय तामिल म्यागाजिनमा 'नेपाली गृहिणी महिलाबाट सिकौं' भन्ने शीर्षकमा उनको फोटो सहित एउटा लामो लेख छापिएको थियो। त्यसमा भनिएको थियो, 'तामिलनाडुका महिलाहरु आफू गृहिणी भएकोमा हीनतावोध गर्दछन्। एउटी नेपाली गृहिणी महिलाबाट उनीहरुले सिक्नु पर्दछ। अमृताका श्रीमान्लाई आफ्नो देशको सरकारले टाउकाको मूल्य तोकेको छ। उनी आतंककारीको अभियोगमा जेलमा छन्। अमृताले तामिल, अंग्रेजी भाषा जान्दिनन्, मुस्किलले हिन्दी बोल्दछिन्। तर उनले बस र बस स्टप कहिल्यै बिराउँदिनन, ठिक समयमा श्रीमान्लाई भेट्न जेल पुग्छिन्। श्रीमान्लाई अदालत लैजाँदा सबै भन्दा पहिले उनी नै अदालतको गेटमा उभिइरहेकी देखिन्छन्। स्थानीय क्रान्तिकारी संगठनहरुले श्रीमान्को रिहाईको माग गर्दै लगाएको नारामा उनी सबै भन्दा अघि मुट्ठी कसेर नारा लगाइरहेकी हुन्छिन्। वकिलहरुको सल्लाह लिनका लागि पनि उनी सधैं पुगिरहेकी हुन्छिन्। श्रीमान्को रिहाइका लागि मद्रासमा गोष्ठीहरु भई रहन्छन्, कुनै गोष्ठी उनले छुटाउँदिनन्। उनी भाषण गर्न त्यती रुचाउँदिनन्। तर नेपाली भाषाबाट तामिलमा उल्था गर्ने मानिस भएको कार्यक्रममा छोटो भाषण गर्छिन्, 'तपाईंहरुले मेरो श्रीमान्को जीवन रक्षा र रिहाईका लागि जुन संघर्ष गर्नु भएको छ यसलाई म सलाम् गर्न चाहन्छु र तपाईंहरु प्रति आभार व्यक्त गर्दछु। मेरो श्रीमान्लाई भारतको जेलमा बन्दी बनाएर नेपालको क्रान्तिलाई रोक्ने प्रतिक्रियावादीको सपना कहिल्यै पूरा हुने छैन। उहाँलाई दिएको यातनाको खबरले नेपाली क्रान्तिकारीहरु झन् आक्रोशित भएर युद्धको मैदानमा व्यक्त गरिरहेका छन्। नेपालको क्रान्ति सर्वहारा वर्गले नेतृत्व गरेको क्रान्ति हो, यो क्रान्ति भारतका सर्वहारा वर्गको पनि हो, विश्व सर्वहारा वर्गको पनि हो। विश्वका सर्वहारा मिलेर यो क्रान्तिलाई सफल पार्नु पर्छ। नेपाल र भारतका क्रान्तिकारीहरु बीचको एकता जिन्दावाद !' एउटी गृहिणी महिलाले गरेको यो जोशीलो भाषणमा लामो समय सम्म ताली बजिरहन्छ। इत्यादि।'

उ चढेको भ्यान ढक्क रोकिँदा उ झसङ्ग भयो। गाडी जेलको मुख्य गेटमा आइपुगेको थियो।

वर्षौं देखि आन्दोलनमा सँगैका सहयोद्धा र उसको पार्टीका शीर्ष पंक्तिका नेता र उसलाई केही महिनाको अन्तरालमा दुई भिन्न स्थानमा गिरफ्तार गरिएको थियो। यस विषयमा नेपाल र भारतमा समेत ठूलै चर्चा र वहस चलिरहेको थियो–यो केवल संयोग थियो वा षड्यन्त्र ? यो बहशको टुंगो लागेको थिएन।

... बाँकी ७ पेजमा

## विदशको जेल ...

सरकारले दुबैजनामाथि एकै किसिमका झुठा मुद्दा लगाएको थियो । उनीहरुलाई एउटै किसिमका झुठा मुद्दा लगाएको हुनाले एउटै जेलमा राख्नु पर्ने अवस्था आयो । यसबाट आपसमा वैचारिक राजनीतिक छलफल र वहश गर्ने अवसर भने अवश्य उनीहरुलाई प्राप्त भएको थियो ।

जनक्रान्तिलाई समाप्त पार्ने षडयन्त्र विश्वव्यापीरुपमा चलिरहेको थियो । दश वर्षको क्रान्तिको नेतृत्व गर्ने नेतृत्व पंक्ति नै लड्खडाईरहेको थियो । वार्ता र सहमतिका कुराहरु व्यापकरुपमा चल्न थालेका थिए । आखिर उनीहरुलाई जेलमा राखेकै बेला नेतृत्व पंक्तिले शान्ति सम्झौता गरिसकेको थियो । हजारौंका वलिदानबाट स्थापित जन सरकार र जन अदालत विघटन गरिसकिएको थियो । जेलमा यी दई सहयोद्धाका बिचमा यिनै विषयमा व्यापक छलफल हुने गर्दथ्यो । क्रान्तिका महानायक भनिनेहरु माथिको वारेण्ट खारेज भैसकेको थियो । उनीहरु लामो भूमिगत अवस्थाबाट बाहिर निस्केर खुला भैसकेका थिए, आफ्नै देश भित्र । कतै क्रान्तिका महानायक भनिनेहरु खलनायकमा परिणत हुने त होइनन् ? भन्ने चर्चा यत्र तत्र चल्न थालेको थियो । देश भित्रका विभिन्न जेल र शिविरहरुमा राखिएका राजबन्दीहरु मुक्त भैसकेका थिए । छिमेकी मित्रराष्ट्रको सरकारले भने अर्कै राष्ट्रमा जनक्रान्ति गरेवापत थुनामा राखेका राजवन्दी माथि अझै मुद्दा माथि मुद्दा थपिरहेको थियो । आफूलाई संसारको सबै भन्दा ठूलो मध्येको एक लोकतन्त्र भन्न रुचाउने देशका नेताहरुले र उनीहरुले नेतृत्व गरेको सरकारले जुन व्यवहार देखाइरहेका थिए, त्यसको रहस्य बुझ्न धेरैलाई कठिन भैरहेको थियो ।

नेपालमा 'लोकतन्त्रको स्थापना', 'लोकतन्त्रको स्थायीत्व'को खूब चर्चा चल्ने गरेको थियो । त्यो लोकतन्त्रको मोडेल कस्तो हुने ? भन्ने प्रश्न पनि उठिरहेको थियो । विशेषतः लोकतन्त्रको वकालत गर्नेहरुले यही छिमेकी देशको मोडेललाई पछ्याउन खोजिरहेका थिए । शान्ति सम्झौताले क्रान्तिको मुख्य माग जनगणतन्त्रलाई छाडेर यही मोडेलको लोकतान्त्रिक गणतन्त्रलाई स्वीकार गरेको छ भन्ने चर्चा चलिरहेको थियो ।

जेलको गेट भित्र हुले पछि उसको हत्कडी पनि खोलिएको थियो । दिनभरी हत्कडी लगाएर अहिले खोल्दा उसलाई आफ्नो हात हलुको भए जस्तो लागिरहेको थियो । साँझ पर्न लागिसकेको थियो । उसलाई भोकले के खाउँ के खाउँ जस्तो भै रहेको थियो । तर जेलको खोर भित्र पस्ने घंटी बजिसकेको थियो । उ आफ्नै सेल भित्र पस्यो ।

लामो यात्राको कारण थकाई त लागेको थियो । भोक पनि सँग सँगै लागिरहेको थियो । सेल भित्र खाने कुरा केही थिएन । उसले निदाउने प्रयास गऱ्यो, तर निदाउन सकेन । उसका मनमा कुरा खेल्न थाले । प्रायः जेलका वन्दीहरुलाई यही समस्या हुने गरेको पाइन्छ, मानसिक तनाव र निद्रा नलाग्ने समस्या । धेरै जना वन्दीहरु डिप्रेसनको शिकार हुने गर्दछन् ।

नचाहेर पनि उसको मनमा विविध विचार र सोचहरु आइनै रहेका थिए–यहाँ लोकतन्त्र वा लोकतान्त्रिक गणतन्त्र छ भनिन्छ । नभोग्नेका लागि त त्यो राम्रै होला भन्ने लाग्दो हो । तर के यो साँच्चै जनताका लागि चाहिने गणतन्त्र हो त ? हुँदै नभएका घटना सिर्जना गरेर राज्यले नै झुठा मुद्दा लगाउने यो कस्तो लोकतान्त्रिक गणतन्त्र ? एकपटक आरोपीलाई आफ्नो सफाई पेस गर्ने मौका पनि नदिइकन आतंककारी घोषित गरी यातना दिने कस्तो गणतन्त्र अनि स्वतन्त्र न्याय प्रणाली ? मुठीभर मानिसले आफ्नो स्वार्थका लागि लाखौंको उत्पीडन गर्न राज्यको प्रयोग गर्न पाइने, यो कस्तो लोकतान्त्रिक गणतन्त्र ?

उसले कम्युनिष्ट पार्टीहरुका विषयमा सोच्न थाल्यो–यस राज्यमा लामो समयदेखि कम्युनिष्ट पार्टीको शासन चलिरहेको भनिन्छ । तर यही सरकार कम्युनिष्टहरुप्रति यतिधेरै असहिष्णु किन ? के यो हँसिया हथौडाका बिरुद्ध हँसिया हथौडाको प्रयोग भएन र ? के यो रातो झण्डाका बिरुद्ध रातो झण्डाको प्रयोग भएन र ? आखिर हामीले नेपालमा जनगणतन्त्रको स्थापना गर्दा यिनीहरुलाई यत्रो टाउको दुखाई किन ? यस्तै यस्तै सोचाईका शृंखला उसको मस्तिष्कमा निरन्तर आइनै रहेका थिए । जेल सुरक्षा गार्डले रातीको ३ को घंटी हानिसकेको थियो ट्वाङ्..ट्वाङ्'ट्वाङ् । बिहान जेल गार्डले बाहिरको ताल्चा खोलेर 'उठो, उठो..' भनेर कराएको आवाजले उ ब्युँझियो ।

(गजुरेलको हालै सार्वजनिक झुल्कदो घाम कथा संग्रहबाट ।)

## ईष्ट इन्डिया कम्पनी ...

भारत ब्रिटिस औपनिबेशिक शासनबाट सन् १९४७ मा मुक्त भयो । सन् १९५० मा स्वतन्त्र भारतको गणतान्त्रिक संविधान बन्यो । भारतमा शासन व्यवस्था फेरियो तर नेपाल प्रतिको नीति फेरिएन । छिमेकीहरुका सवालमा भारतको नीति विस्तारवादी नै रहिरह्यो । नेपालमाथि लादिएको ब्रिटिस अर्धऔपनिबेशिक नीति ब्रिटिस पछिको भारतले कायमै राख्यो ।

भारतमा ब्रिटिस उपनिवेश विरुद्ध भारतीय जनता लडिरहँदा नेपालीहरु पनि भारतीय मुक्ति संग्राममा सम्मिलित थिए । त्यस्तै राणा शासनविरुद्ध नेपालीहरु आन्दोलित थिए । राणा शासनको अन्तिम शासक मोहन शमसेर आफ्नो स्थिति सुरक्षित राख्न तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुसँग चाकरीमा लागेका थिए । त्यही मौका छोपी नेहरुले नेपालमा वाणिज्य, पारवहन, सुरक्षालगायतका विषयमा नेपालसँग सन्धी गऱ्यो । नेपाललाई एकतर्फी रुपले तल पार्ने गरी भएको त्यस सन्धिको परिणाम स्वरुप नेपाल तेस्रो मुलुकसँग स्वतन्त्र रुपले व्यापार गर्न पाइरहेको छैन ।

नेपालको आर्थिक योजनामा भारतीय नियन्त्रण, नेपालको प्राकृतिक स्रोत साधनमा भारतीय प्रभुत्व नेपालको आन्तरिक मामिलामा हस्तक्षेप भैरहने गरेको परिस्थिति विद्यमान छ । नेपाल भौगोलिक रुपले दुई ठूला देशबीच अवस्थित भूपरिवेष्ठित मुलुकको रुपमा रहेको छ । तर, त्यही कारणले नेपाल खुम्चिनुपर्ने केही छैन । अन्तर्राष्ट्रिय नियम कानुन छन् । जसरी अन्य भूपरिबेष्ठित मुलुकहरुले सुविधा पाइरहेका छन् । नेपालको निम्ति पनि सम्भव छ ।

त्यसो हुन नदिनुमा एक त भारतको हेपाहा प्रवृत्ति छ भने अर्को नेपालकै शासकहरुमा पराईमुखी निर्बल चिन्तन मुख्य रहेका छन् । राणा शासन विरुद्ध २००६ सालमा राजनीतिक आन्दोलन भयो । त्यसको टुंगो नेपाली नेताहरुबाट नभएर भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरुको मध्यस्थतामा राजा, काँग्रेस र राणाको त्रिपक्षीय सम्झौता दिल्लीमा भयो । त्यो नेपालको आन्तरिक मामलामा भारतको अभिभावकत्व स्थापित गर्न चाहेको सुरुवात थियो । जुन अझै निरन्तरतामा रहेको छ ।

त्यसपछिको अन्तरिम कालमा काँग्रेसको सक्रियता देखिएपनि अपरिपक्व नेतृत्वले गर्दा राजनीतिक भूमिका बढाउन नसकेको र उता राजा-राणा परिवारको अन्तरंग सम्बन्धले दरबारको भूमिकामा निकै सक्रियता बढेको अवस्थामा दिल्ली सम्झौता ओझेलमा पर्दै गयो । २०१४ सालमा संविधान बनाइयो र २०१५ सालको संसदको चुनाव भयो । त्यतिन्जेल राजाको स्थिति त्यति बलियो भइसकेको थियो कि अत्याधिक बहुमतले जितेर बनेको काँग्रेसको सरकार २ वर्ष नचल्दै राजा महेन्द्रले २०१७ सालमा संसदीय व्यवस्थालाई विद्टन गरेर सम्पूर्ण शक्ति आफ्नो हातमा लिए ।

शक्ति आर्जनको निम्ति राजा महेन्द्रको दिल्लीसँगको गोप्य सम्बन्ध यद्यपि त्यति खुलेर आएन तर भारत-चीन युद्ध चलिरहेका बेला २०२३ सालमा भारतीय सेनाको क्याम्प राख्न कालापानीको नेपाली भूमि उपलब्ध गराउनु कम्ती रहस्यको कुरो होइन । हुनत कोइराला बन्धुको नेतृत्वमा सरकार चलिरहँदा मातृकाको कालमा कोशी, वीपीको पालामा गण्डकी सम्झौता र गिरिजाले टनकपुर सन्धी गर्दा ठूलै विरोध भएको थियो । पछि त्यो भन्दा पनि घातक महाकाली सन्धी शेरबहादुर देउवाको पालामा भयो । यी यस्ता सन्धी सम्झौताहरु छन् । जसमा भारतीय हितलाई प्रमुख ठानिएको र नेपाल प्रति ठूलो घात भएको छ ।

भारतकामे नेपालप्रतिका नीति भुटानी मोडेलको (आइके गुजराल डक्टिन) छ । त्यस मोडेलमा उसको नेपालसँग सन्धी सम्झौता गर्दै आएको छ । नेपाली शासकको निरिहता र भारतीय हैकम माथिल्लो कर्णाली बहुआयामिक परियोजनाको जलाशयको क्षमताा ४ हजार १८० मेघावाट विद्युत उत्पादन हुन सक्ने रहेको छ । यो प्राकृतिक बनोटको कारण संसारकै सबैभन्दा सस्तोमा बन्न सक्ने परियोजना हो ।

यो कुनै विदेशी सहयोग बिना स्वेदेशी लगानीमा बन्न सक्छ तर दुःखको कुरो छ, भारतीय दबावमा नेपाल सरकारले भारतीय कम्पनी जी.एम.आर. सँग पी.डी.ए. सम्झौता गरेको छ । सम्झौता अनुसार ९०० मेगावाटको आयोजनाको निर्माण गरी भारतमा विजुली लगे वापत जी. एम. आर. ले नेपाल सरकारलाई सित्तैमा १२ प्रतिशत उर्जा र निःशुल्क २७ प्रतिशत शेयर दिने भनिएको छ । बिजुली उत्पादन नेपालमा हुने तर उपभोग भारतमा हुने गरी बिजुली राष्ट्रिय ग्रीडमा नजोडी सिधै विदेशमा नै जाँदा नेपालको माथिल्लो र तल्लो तटीय क्षेत्रधिकार समेत दीर्घकालीन रुपले प्रभावित हुनेछ । त्यसैले यो सम्झौता नेपालको हितमा छैन ।

सन् १९५० को नेपाल भारत असमान सन्धिको खारेजीको माग जनस्तरबाट उठिरहेको छ र नेताहरु पनि त्यसमा सहमत नै देखिने गर्छन् । तर जब भारतले निम्तो गरेर दिल्लीमा बोलाउँछ अनि नयाँ चमत्कार हुने गर्छ । नेताहरु कुर्सीसँग पग्लिन्छन् । भारतीय पक्षले तयार गरेको पेपर टेबुलमा आँउछ अनि दायाँ वायाँ नहेरी त्याप्चे लाएर आउँछन् । काँग्रस, राप्रपा वा एमालेको कुरा छाडैं डा. बाबुराम भट्टराई प्रधानमन्त्री भएको बेला भ्रमणमा जाँदा बिचमा सम्झैता गरियो बिचमा सम्झौता गर्नुनै बेठिक होइन तर त्यसमा भएका सर्तमा मुख्य ध्यान दिने कुरा हुन । डा. भट्टराइले के गरेर आए त ?

क. कोशी उच्च बाँधको एकलौटी रुपमा योजना बदाउने सहमति,
ख. नेपालको अन्तर्राष्ट्रिय विमानस्थलमा भरतीय एयर मार्सल राख्ने,
ग.एयरपोर्ट ब्यवस्थापनको जिम्मा भारतलाई,
घ. सुपुर्दगी सन्धि,
ङ. जलस्रोत सम्बन्धी सम्झौता तथा
च. सप्तकोशी उच्च बाँध निर्माणको डी.पी.आर. अनुसार तयार गर्ने सहमति जस्ता राष्ट्रिय अस्मितामा अहित गर्ने सन्धि सम्झैता गरेर भारत प्रति श्रद्ध भक्ति देखाए ।

दोस्रो पटक प्रधानमन्त्री बनेपछि प्रचण्डले दिल्ली भ्रमणमा जाँदा २५ बुँदे सहमति गरेर आएछन् । सन् १९५० को सन्धिमा पुनरावोलकन गर्ने भनेर गएको नेपाललाई भारतको पुच्छर बनाएर फर्के । नेपालको असंलग्न परराष्ट्रनीतिको परित्याग, नेपालको स्वाधिनता माथि खतरा सृजना गर्नुको साथै पूर्ण रुपले नेपाललाई भारतको छातामुनी लैजाने सहमति गरेर आए । भारतको दावेदारी र राष्ट्रघातको ताजा नमुना हो यो । भारतको नेपाल प्रतिको भुटान नीतिलाई इमान्दारी पूर्वक पालना गर्ने नयाँ चाकरको पंक्तिमा उभिए पुष्पकमल दाहाल पनि । यही बन्यो उनको समग्र पहिचान । नेपालको स्वधीनता खतरामा छ । प्रयास सिक्किमीकरणकै छ तर त्यो सफल हुने छैन । सयौं लेण्डुप जन्मे पनि देशभक्त नेपालीको नशामा रगत प्रवाहित भए सम्म त्यस विरुद्धको लडाँई रोकिने छैन । जहाँसम्म भुटानीकरणको प्रश्न छ, त्यो त योजनाबद्ध रुपले केही चरणमा प्रारम्भ नै सकेको छ । देश भक्त नेपालीकै निम्ती यो साह्रै चिन्ताको विषय हो । यसलाई समयमै रोक्न सकिएन भने नेपालको स्वतन्त्रता नै गुम्ने खतरा छ । अरु देशको लागि लड्ने नेपालीको आफ्नै देश प्रति कुनै दायित्व छ कि छैन ? त्यस बारेमा सोच्ने बेला आएको छ ।

नेपाली जनताले छिमेकी मुलुकसँग मैत्री चाहेको छ । मैत्री समानता र पञ्चशील सिद्धान्तमा आधारित हुनु पर्दछ । कसैको हैकम र हुकुममा बाँच्ने संस्कारको विरुद्ध स्वाभिमानी नेपाली निर्ममतापूर्वक संघर्ष गर्नु अहिलेको आवश्यकता छ । आपत विपतको बेला कसैले साथ सहयोग गर्छ अन्यायमा परेकोलाई न्याय दिलाउन आवाज उठाउँछ भने त्यो स्वागतयोग्य छ । हामी नेपालीलाई विश्वमा कुनै देशमा अन्यायमा परेको उत्पीडित जनताको पक्षमा न्यायको निम्ति आवाज उठाउँछौ । त्यो मानवीय संवेदना हो कसैको साथ सहयोग स्वाधीनताको मुल्यमा स्वीकार्य हुन सक्दैन । पराधीन भएर कोही पनि दयाहीन नेपाली सुख र शान्तिको अनुभव गर्न सक्ने छैन ।

## क्रान्तिकारी माओवादी ...

**संविधान खारेजीको माग गर्ने शक्तिसित मोर्चाबन्दी गर्ने**

अध्यक्ष किरणले शुक्रबार जारी गरिएको विज्ञप्तीमा भनिएको छ, "राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्या गम्भीर बन्दै गइरहेको वर्तमान स्थितिमा राज्य पुनःसंरचना, संविधान संशोधन लगायतका विषयलाई सरकारले आफ्नो कार्यसूचीको प्रमुख विषय बनाउँदै आएको छ । विभिन्न ऐतिहासिक जनआन्दोलन र दश वर्षको महान् जनयुद्धको प्रक्रियामा उठाइएका मजदुर, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, पिछडिएको क्षेत्रसहित उत्पीडित वर्ग र जनसमुदायका राष्ट्रियता, जनतन्त्र र जनजीविकाका आधार भूत समस्याको समाधान यसप्रकारको राज्य पुनःसंरचनासहितको संविधान संशोधनद्वारा होइन, वर्तमान संविधानको खारेजी र सङ्घीय जनगणतान्त्रिक संविधानको निर्माणबाट मात्रै हुने नीतिप्रति पार्टी दृढ रहिआएको छ । तसर्थ, बैठकमा मुख्यतः दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्त वर्गका हकहितको प्रतिनिधित्व गर्ने वर्तमान संविधानको खारेजी र सङ्घीय जनगणतान्त्रिक संविधान निर्माणका लागि जनआन्दोलनलाई नयाँ ढङ्गले सङ्गठित गर्ने र उक्त विषयसित सम्बन्धित कुनै पनि बुँदासित सहमत हुने राजनीतिक शक्तिसित कार्यगत एकता गरी अगाडि बढ्ने निर्णय लिइएको छ ।"

**क्रान्तिकारी कम्युनिष्टहरुलाई एकताबद्ध बनाउन पहल गर्ने**

क्रान्तिकारी माओवादीले विभिन्न घटकहरूमा छरिएर रहेका क्रान्तिकारी कम्युनिस्टहरूलाई एकताबद्ध तुल्याउन, नयाँ ढङ्गले क्रान्तिकारी कम्युनिस्ट पार्टीको निर्माण गर्न र ध्रुवीकरणको प्रक्रियालाई गति दिनका लागि आवश्यक पहल गर्ने निर्णय गरेको छ ।

कार्तिक २४ र २५ गते पार्टी कार्यालय बुद्धनगरमा बसेको सचिवालय बैठकमा वर्तमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक परिस्थिति, पार्टीका साङ्गठनिक काम लगायतका विषयबारे अध्यक्ष किरणले मौखिक रूपमा सङ्क्षिप्त रिपोर्ट प्रस्तुत गरेका थिए । बैठकले साङ्गठनिक तथा व्यवस्थापनसित सम्बन्धित कतिपय महत्वपूर्ण विषयमा आवश्यक निर्णय लिएको जनाएको छ भने हालै सप्तरी जिल्ला पार्टी समितिका सदस्य लोचन चौधरी र दैलेखका जिल्ला समितिका सदस्य प्रेम चौलागाईंको निधन भएकोमा वहाँहरूप्रति हार्दिक श्रद्धाञ्जली दिंदै शोक प्रस्ताव पारित गरेको जनाएको छ ।

जम्काभेट

## फेरि पनि अखिल (क्रान्तिकारी) सडक बाघ बनेर अगाडि आउनेछ



**ज्ञानु खतिवडा,**
उपत्यका इन्चार्ज, अखिल (क्रान्तिकारी)

- ***क्रान्तिकारी विध्यार्थी आन्दोलन सुस्ताउन पुगेको हो ?***

सुस्ताउन पुगेकै भन्दा पनि पहिलेको दाँजोमा आन्दोलन त्यति प्रभावकारी बन्न नसकेको हो । तर अखिल (क्रान्तिकारी)ले शैक्षिक मुद्दाहरुलाई लिएर आन्दोलनको उठान गर्ने तयारीमा जुटिरहेको छ । क्रान्तिकारी विध्यार्थी आन्दोलनबाट पलायन भएर एकाथरि समूह दक्षिणपन्थी नवसंशोधनवादी समूहको पुच्छर बनेर गयो भने अर्काथरी क्रान्तिको नाममा हुलदंगा गर्दै हिंडिरहेका छन् । संगठनमा आएको विभाजन र दक्षिणपन्थी संशोधनवादी र वामपन्थी अवसरवादी समूहले पारेको भ्रमका कारण पनि आन्दोलन प्रभावकारी ढंगले उठ्न सकेको छैन । उनीहरुका भ्रमहरु विस्तारै साफ हुँदैछ र आम विध्यार्थीहरु हाम्रो संगठन नै क्रान्तिकारी विध्यार्थी आन्दोलनको नेतृत्व गर्ने संगठन हो भन्दै संगठित हुने क्रम बढेको छ ।

- ***अखिल (क्रान्तिकारी)का तत्कालीन कार्यक्रमहरु चाहिं के कस्ता छन् ?***

हाम्रो संगठनको माघ १४ मा राष्ट्रिय भेला हुँदैछ । त्यसैगरी, फाल्गुन १४ गते टियुले स्ववियू चुनाव तोकेको छ । भेला र स्ववियू चुनावलाई लक्षित गरेर तीन महिना सिंगो संगठनलाई संगठन विस्तार तथा सुदृढीकरण अभियानमा जोड दिएका छौं ।

- ***विध्यार्थी आन्दोलनमा रहेका समस्याहरुलाई चिर्दै आम विध्यार्थी युवाहरुलाई क्रान्तिकारी आन्दोलनमा आवद्ध गराउन के गर्न जरुरी छ ?***

विध्यार्थी आन्दोलनमा देखापरेका समस्याहरु : दक्षिणपन्थी अवसरवाद, अर्थवाद, आत्मकेन्द्रित व्यक्तिवादका विरुद्ध विचारधारात्मक संघर्ष चलाएर संशोधनवादी र अवसरवादीहरुले छरेको भ्रमलाई चिर्दै विध्यार्थी युवाहरुलाई क्रान्तिकारी विध्यार्थी आन्दोलनमा संगठित गर्दै लैजान सकिन्छ भन्नेमा हामी विश्वस्त छौं । शैक्षिक माफियाहरुले गरिब जनताका छोराछोरीहरुले पढ्नै नसक्ने गरी शुल्क बढाएका छन् । शैक्षिक क्षेत्रमा अनियमितता, भ्रष्टाचार तथा ब्रम्हलुट मच्चाउने माफियाहरुका विरुद्ध हाम्रो आन्दोलनलाई जुझारु बनाउनु परेको छ । संशोधनवादी र अवसरवादीहरुले सडकमा मिल्काएका शैक्षिक मुद्दाहरुलाई हामीले उठाएका छौं । फेरि पनि अखिल (क्रान्तिकारी) सडक बाघ बनेर अगाडि आउनेछ । आम क्रान्तिकारी विध्यार्थी आन्दोलनको नेता संगठनको रुपमा स्थापित हुनेछ । र, शैक्षिक माफियाहरुलाई पत्तासाफ पार्नेछ ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं, फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति
सम्पर्क
कृष्ण सुवेदी – ९८५१०१८९१२
राम के.सी. – ९८५१०५४२६४
होम छन्त्याल – ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४
माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३
बाग्लुङ ०६८५२२२२०
काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ
A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# मिडिया कति 'बायस' हुनसक्छ ? अमेरिकी चुनावलाई हेरौं !



इन्द्र राउत

मिडियाको व्यावसायिकताको विश्वभरि पाठ सिकाउने अमेरिकी मिडियाले अमेरिकी राष्ट्रपतिको चुनावमा एउटा लज्जित चित्र पेश गरे- 'मिडिया वायसनेस'को । एउटा अध्ययन अनुसार ९१ प्रतिशत अमेरिकी मिडियाहरुले डोनाल्ड ट्रम्पका विरुद्धमा प्रचारवाजी गरेका थिए । अमेरिकी राष्ट्रपति चुनावी परिणामले के देखायो भने सचेत जनताको अगाडि 'मिडिया सत्ता' पनि नटिक्ने रहेछ । अमेरिकाका शक्तिशाली मिडियाहरुले झुठको प्रचार गरिरहेका थिए तर जनताले अमेरिकी मिडिया र पत्रकारहरुलाई नै कुरी कुरी गरिरहेका थिए ।

दुनियाँको शक्तिशाली मुलुक । विश्वभरको ध्यान केन्द्रित थियो अमेरिकी राष्ट्रपतिको चुनावमा । मिडियामा भएको प्रचारबाजीलाई आधार मान्दै संसारभरिका विश्लेषकहरुले हिलारी क्लिन्टनले जित्ने आँकलन र विश्लेषण गरेका थिए । सबै अनुमान, निष्कर्ष र विश्लेषणलाई मिथ्या सावित गरिदियो चुनावी परिणामले । यसको साझो अर्थ हो- अमेरिकी मिडियाहरुको प्रचारबाजी र विश्लेषणका आधारमा सबैले धारणा बनाएका थिए । अमेरिकी मिडियाको झुठो प्रचारको परिणाम नै थियो- अनपेक्षित लाग्नु चुनावी परिणाम । संसारलाई गुमराहमा राख्न सफल अमेरिकी मिडियाले अमेरिकी जनतालाई चाहिं प्रभावित तुल्याउन सकेको देखिएन । र, मिडिया टाइकुनहरु पराजित हुन पुगे ।

अमेरिका साम्राज्यवादी मुलुक हो । राष्ट्रपति फेरिदैमा उसको साम्राज्यवादी नीति फेरिने होइन । केही जोडकोणको अन्तर पर्नु स्वभाविक हो । युद्धको व्यापारमा आफ्नो जीवन देख्ने अमेरिकी साम्राज्यवादले फेरि पनि व्यापार युद्धकै गर्छ । आफ्ना प्रतिस्पर्धीका विरुद्ध जे गर्दै आएको हो, त्यही गर्छ, अझ प्रखर रुपमा गर्न सक्छ । आप्रवासी, महिला र मुस्लिमका विरुद्धमा ट्रम्प चुनावी मैदानमा जसरी शासन सत्तामा पुगेपछि प्रस्तुत हुन सक्नेछैनन् । अमेरिकी थिंक ट्यांक, ब्यूरोक्रेसी, शासनप्रणालीका धेरै घेरा उनले तोड्न सक्दैनन् । तर अन्तरसाम्राज्यवादी अन्तरविरोध चर्किन सक्ने भने देखिन्छ । तर, यहाँ चर्चा गर्न खोजिएको विषय हो- अमेरिकी मिडियाको 'वायसनेस' ।

"अमेरिकी चुनावी मैदानमा एकातर्फ डोनाल्ड ट्रम्प उभिएका थिए भने अर्कोतर्फ हिलारीलाई 'इण्डोर्स' गरेका अमेरिकाका शक्तिशाली १ सय ५० भन्दा बढी मिडिया हाउसहरु ।" ज्योति देवकोटाले सेतोपाटीमा लेखेका छन्, "इण्डोर्स गरेपछि जिताउनै पर्ने नैतिक वाध्यताभित्र बाँधिएका मिडियाहरु कुनै पनि हालतमा क्लिन्टन कमजोर रहेको 'प्रोजेक्सन' गर्न चाहँदैनथे ।"

अमेरिका स्थित मिडिया रिसर्च सेन्टरले अध्ययन गरे अनुसार अमेरिकाका ९१ प्रतिशत मिडियाहरुले ट्रपको विरुद्धमा प्रचारबाजी गरेका थिए । अध्ययनले भनेको छ, ट्रम्पका विवादित भनाइहरुलाई त्यहाँका मिडियाहरुले ४ सय ४० मिनेटसम्म प्रचार गरेका थिए भने हिलारीको त्यस्तै प्रकारका विवादित भनाइ १ सय ८५ मिनेट सम्म मात्र प्रशारण गरिएका थिए । महिलाको विषयमा दिएको ट्रम्पको विवादित भनाइलाई त्यहाँका मिडियाले १०२ मिनेटसम्म प्रशारण गरेका थिए भने हिलारीको इमेल स्क्याण्डलको ५३ मिनेट प्रशारण गरेका थिए । द सेन्टर फर पब्लिक इन्टिग्रिटीले भनेको छ- मिडियाको ९६ प्रतिशत सहयोग हिलारीको पक्षमा थियो । विकिलिक्सले सार्वजनिक गरे अनुसार ६५एमएसएम रिपोर्टरहरु हिलारी क्लिन्टनको सल्लाहकार थिए । उनीहरुले हिलारीका चुनावी अभियानका प्रमुख जोन पोडेस्टा र चुनावी रणनीतिकार जोयल बेन्नेसनसँग बसेर चुनावी प्रोपोगाण्डाको योजना बनाउने गर्दथे ।

अमेरिकाका शक्तिशाली मिडिया हाउसहरु एबिसी, सिबिएस, सिएनन, एमएसएनबिसि, द न्यूवर्क टाइम्स, वासिङटन पोष्ट, जुली पिस अफ एसोशियटेड प्रेसलगायत मिडियाहरुले हिलारीको चुनावी मोर्चा लडेका थिए । एक अध्ययनले भनेको छ अमेरिकी मिडियाहरुलाई चुनाव यति धेरै लागेको थियो कि उनीहरुले दिनको १४४० मिनेटमा ११९१ मिनेट चुनावी प्रचारमा खर्चिने गरेका थिए । बाँकी २४९ मिनेटमा मात्र अन्य समाचार र विज्ञापनले मिडियामा स्थान पाउथे ।

अमेरिकी मिडियाको यस्तो रवैयालाई लेखिका शर्ल एट्कीसनले भनेकी छन्, "यो अमेरिकी मिडियाको नैतिकता र बौद्धिकताको स्खलन हो ।"

यतिखेर ट्रम्पभन्दा बढी अमेरिकी मिडियाहरुको 'ट्रेण्ड'को बारेमा बहस चलिरहेको छ । मिडियाको निष्पक्षता र व्यवसायिकतामाथि गम्भीर प्रश्न खडा भएको छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र पक्षधरताका विषयमा विमर्श चलिरहेका छन् । पुँजी, सत्ता र शक्तिले मिडियाको कन्टेन्ट निर्धारण गर्छ भन्ने मान्यतालाई अमेरिकीको राष्ट्रपतिको चुनावलमा त्यहाँको मिडियाले खेलेको भूमिकाले स्थापित गरेको छ ।

मिडियाको विश्वसनीयतालाई थप चुनौतीपूर्ण बनाइदिएको छ- अमेरिकी बिग मिडियाहरुको पत्रकारिता अभ्यासले । मिडियालाई बुझ्ने र विश्वास गर्ने सोचमा जबर्जस्त परिवर्तन ल्याइदिएका छन् ती मिडियाहरुले ।

वर्गीय समाजमा हरेक चिज वर्गीय हुन्छ । मिडिया पनि वर्गीय हुन्छ । अर्थात् मिडियाको पक्षधरता हुन्छ । मिडिया निष्पक्ष हुन सक्दैन । मिडियाको 'कन्टेन्ट' निर्धारण मिडिया मालिकले गर्छ । मिडियामा जुन वर्गले लगानी गरेको छ, त्यही वर्ग र विचारको ती मिडियाले पक्षधरता लिन्छ । प्रेस तथा अभव्यक्ति स्वतन्त्रताको स्थिति र चरित्र पनि सापेक्षिक हुन्छ । यो मार्क्सवादी मान्यता हो । यो नै सत्य हो ।

'प्रोफेश्नल जर्नालिज्म' तथा निष्पक्ष र स्वतन्त्र मिडियाको बारेमा नेपालमा पनि काफीहदसम्म बहस चलिरहेका छन् । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सम्पादकीय स्वतन्त्रताका कुराहरु पनि त्यतिकै उठिरहेकै छन् । नेपालका विग मिडिया हाउसहरुमा मिडिया मालिकहरुले कन्टेन्टलाई निर्धारण गर्न खोज्दा यी विषयहरु बहसमा आएका छन् । भूमण्डलीकृत विश्व र सूचना प्रविधिको अभूतपूर्व विकासले अहिले मिडियाको ट्रेण्ड बुझ्न नेपाली जनसर्वसाधारणलाई पनि सजिलो भएको छ । सामाजिक संजालको प्रयोगले त अझ व्यापक र गतिशिल बनाइदिएको छ मान्छेहरुको जीवन र जीवनशैलीलाई । मिडियाको वर्गचरित्र र वर्ग पक्षधरता बुझ्नलाई संचारका अत्याधुनिक माध्यमहरुले सहज तुल्याइदिएको छ ।

मिडिया राष्ट्र र जनताको लागि हुनुपर्दछ । आवाजविहीनहरुको आवाज बन्न सक्नुपर्दछ । मिडिया जगतमा यो सर्वमान्य मान्यता हो । यो मान्यतालाई जति साना र जनपक्षीय मिडियाहरुले आत्मसात् गरिरहेका हुन्छन् र छन्, त्यति नै विग मिडियाहरुले उलंघन गरिरहेका छन् । समाचार बायस बनेर प्रस्तुत भइरहेका हुन्छन् । यसर्थ, आम नागरिकले मिडियालाई बुझ्ने सवालमा मिडियाको पक्षधरतालाई पनि बुझ्नुपर्ने भएको छ । यो पक्षधरता थाहा पाएपछि मात्र मिडियामा आएका विषयवस्तुको विश्वसनीयता र वस्तुनिष्ठता पत्ता लाग्ने भो । 'तरकारीवाली'को पछि लागेको 'मेन स्ट्रिम'को नेपाली मिडियामाथि पनि प्रश्नहरु उठ्ने गरेका छन् । नेपाल पत्रकार महासंघ, प्रेस काउन्सीलले जारी गर्ने आचारसंहिताले जिम्मेवार बनाउन नसकेका मिडियाहरुलाई सचेत जनताले नै जिम्मेवार, नैतिक र बौद्धिक बनाउनुपर्ने स्थितिको विकास हुँदै गएको देखिन्छ ।

## दजमोको संगठन ...

कार्यलय सचिवमा तिलक थापा मगर रहेका छन् ।

भेलामा नेकपा (क्रान्तिकारी माओवादी) का मोरङ संयोजक सिताराम बुढाथोकी, सुनसरी संयोजक गणेश कटुवाललगायतको पनि सहभागिता थियो ।

**देजमो गुल्मी संयोजकमा केशव अधिकारी**

हालै एक भेलाद्वारा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल गुल्मी जिल्लाको संयोजकमा केशव अधिकारी चुनिएका छन् । सचिवमा अर्जुन तरामु चुनिएका छन् भने सदस्यहरुमा दण्ड पुलामी, सुमन शाही, नन्दराम राना, श्याम सार्की, तसलिमा रानालगायत ११ सदस्य रहेको भेला आयोजक कमिटि निर्माण भएको सम्बद्ध स्रोतले जनाएको छ ।

**देजमो रुकुम जिल्ला संयोजकमा कमल घर्ती**

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल रुकुम जिल्लाको संयोजकमा कमल घर्ती चुनिएका छन् । मोर्चाका जिल्ला सदस्यहरुमा गम्बरसिंह केसी, कृष्णबहादुर ओली, खड्ग विष्ट, भवानी गौतम, एकेन्द्र सुनार, बलबहादुर विक, राजन पाण्डेलगायत रहेका छन् ।

**देजमो वाग्लुङको क्षेत्रीय स्तरको कमिटि गठन**

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल वाग्लुङ जिल्लाको क्षेत्रीय समितिको गठन भएको छ । हेमेन्द्र घर्तीमगर संयोजकत्वमा १७ सदस्यीय कमिटि गठन गरिएको छ । त्यसैगरी, अखिल नेपाल मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपालको पनि क्षेत्रीय कमिटि गठन गरिएको छ । लालबहादुर बुढाको संयोजकत्वमा १३ सदस्यीय कमिटी गठन गरिएको छ भने दलित राष्ट्रिय मुक्ति मोर्चाको क्षेत्रीय समिति संयोजकमा दलबहादुर विक चुनिएका छन् । उनको संयोजकत्वमा १३ सदस्यीय कमिटि गठन गरिएको समाचार प्राप्त भएको छ ।

## डा गाविन्द केसीको ...

गर्दा हामीले सुझाएका संशोधनहरु समेटेर तथा माथेमा प्रतिवेदन र विगतका सम्झौताहरु अनुकूल हुने गरी पारित गरियोस् सरकारी शिक्षण संस्थाहरुमा शत प्रतिशत सीट निःशुल्क (दुर्गममा र सरकारी विद्यालयहरुमा अध्ययन गरेका विद्यार्थीहरु र समाजमा अपेक्षित बर्गका लागि केहि सिट सुरक्षीत हुनेगरी) गरियोस् ।

६) अदुअआ प्रमुख लोकमान सिंह कार्कीमाथि महाभियोग प्रक्रिया निस्कर्षमा पुर्याएर उनलाई जवाफदेही बनाइयोस् तथा मेडिकल शिक्षामा अझै बढ़ी अनियमिततामा संलग्न आयुक्त राजनारायण पाठकमाथि समेत तत्काल छानविन अघि बढाइयोस् ।

७) जयराम गिरी समितिले दोषी ठहर्याएका आइओएमका पूर्व पदाधिकारीलाई तत्काल कारवाही गरियोस् । मेडिकल शिक्षामा भएका अनियमिततामाथि छानविन गर्न न्यायिक जाँचबुझ आयोग पुनः गठन गरेर त्यसको कार्यक्षेत्रमा निम्न कुरा थपियोस्ः विभिन्न विश्वविद्यालय र प्रतिष्ठानमा परीक्षाका क्रममा भएका धाँधली एवम् अनियमितता, बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीहरुले गरेका अनियमितता समेत ।

८) विश्वविद्यालयका पदाधिकारी नियुक्त गर्नका लागि बन्ने सर्च कमिटि शिक्षा मन्त्रीको नभई स्वतन्त्र विज्ञको नेतृत्वमा हुने कानुनी व्यवस्था गर्ने विगतको सम्झौता तत्काल कार्यान्वयन गरियोस् ।

९) प्रत्येक प्रदेशमा कम्तीमा एक सरकारी मेडिकल कलेज खोल्ने समझौता तुरुन्त कार्यान्वयन गरियोस् ।

# चीन घुम्न सांसदलाई निगमको २५ लाख

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

उपभोक्ताबाट लिएको रकमबाट नेपाल आयल निगमले २५ लाख खर्चेर सांसदहरुलाई चीन घुमाउन लगेको छ । चीनबाट पेट्रोलियम पदार्थ आयात गर्ने सम्भावना, चीनको उपभोक्ता ऐन, बजारलगायत विषय अध्ययन गर्ने बहानामा ६ सांसदसहित १० जनाको टोली चीन गएको छ । पेट्रोलियम पदार्थको अध्ययन गर्ने भनिए पनि उक्त टोलीमा एकजना पनि प्राविधिक र विशेषज्ञ व्यक्ति छैनन्।

चीनको आमन्त्रणमा जानु स्वाभाविक भए पनि निगमलाई व्ययभार पर्ने गरी गएका सांसदहरुको चौतर्फी आलोचना भएको छ । भ्रमणमा व्यवस्थापिका संसद्को उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिका सभापति भीष्मराज आङदेम्बे (नेपाली कांग्रेस) को नेतृत्वमा सांसद सुवासचन्द्र ठकुरी (एमाले), भेषकुमारी राउत (माओवादी केन्द्र), रमेशकुमार लामा (राप्रपा), डिकबहादुर लिम्बू (कांग्रेस), समितिका सचिव भरत खड्का, निगमका दुई र आपूर्ति मन्त्रालयका एक उच्च अधिकारी सहभागी रहेको समितिले जनाएको छ ।

मंगलबार चीन प्रस्थान गरेको टोली १२ दिनपछि मंसिर ४ मा फर्किने कार्यक्रम रहेको संसदीय समितिले जनाएको छ। निगमस्रोतका अनुसार भ्रमण दलमा सहभागी सांसदलगायत १० जनाले प्रतिव्यक्ति दैनिक १ सय २० अमेरिकी डलर (१२ हजार ८ सय ४० रुपैयाँ) का दरले भत्ता बुझ्नेछन्। १२ दिनको भत्ता प्रतिदिन १ हजार २ सय डलरका दरले १४ हजार ४ सय डलरसहित हवाई टिकट खर्च हुनेछ। १० जनाको टोलीको भ्रमणमा दुईतर्फी हवाई टिकटको करिब १ लाख रुपैयाँका दरले १० लाख रुपैयाँ र भत्ता १४ हजार ४ सय डलर (१५ लाख ४० हजार ८ सय रुपैयाँ) गरी २५ लाख ४० हजार रुपैयाँ खर्च हुनेछ। कार्यक्रममा सहभागीलाई भत्ता, हवाई टिकटलगायत करिब २२ देखि २५ लाख रुपैयाँ खर्च हुनेछ ।


# फेरि नागरिकताकै किचलो

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

संविधान संशोधनको कुरा चल्दै गर्दा फेरि पनि किचलो नागरिकता र अंगीकृत नागरिकले संवैधानिक निकाय प्रमुख बन्ने प्रावधानका विषयमा सत्तारुढ पार्टी र मधेसी मोर्चा र मधेसी मोर्चाबीचमै किचलो देखिएको छ । फेरि पनि नागरिकता अभियान चलाउने र अंगीकृत नागरिक मुलुकको प्रधानमन्त्री र राष्ट्रपति हुन पाउने गरी संविधान संशोधनका लागि लगाचार दबाब दिइरहेको भारतीय शासकवर्गका अगाडि नेपाली शासकहरु र राजनीतिक पार्टीहरु निरिह देखिएका छन् । उनीहरुले घुमाइफिराई नेपाललाई फिजी बनाउने भारतको योजनालाई पूरा गर्ने तयारी गरिरहेको बुझिएको छ।

**किन बल्झिरहन्छ गरिकता विवाद**

फिजीमा सन् १९७७ मा भारतको दबाबमा भारतीय मूलका नागरीकहरुलाई नागरीकता दिने निर्णय गरिएको थियो । "सेप्टेम्बर २८, १९८७ देखि २४ जुलाई १९९० सम्म फिजी संविधान विहिनताको अवस्थामा थियो । यो संवैधानिक सून्यताको फाइदा उठाएर भारतले उक्त अवधिसम्म फिजीमा रहेका सबै भारतीयहरुलाई नागरीकता दिनुपर्ने भनि दिएको दबाब अनुसार नयाँ संविधानको धारा २० मा फिजीमा जन्मेका जुनसुकै व्यक्ति नागरिक हुने प्रावधान राख्न लगायो । साथै सोहि ऐनमा कुनै बालक निजको बाबुले फिजीको नागरीकता लिनुभन्दा पहिले विदेशमा जन्मेको भएपनि नागरीकता पाउने प्रावधान समेत् राखियो ।" राजनीतिक विश्लेषक भरत दाहालले लेखेका छन्, "सन् १८८१ मा ५८८ को संख्यामा रहेका भारतीयहरुको जनसंख्या सने १९९६ सम्म आइपुग्दा ३ लाख ३९ हजार पुग्यो र यहि नक्कलि नागरीकताको आडमा भारतीय नागरीक महेन्द्र चौधरीले प्रधानमन्त्रीमा विजय हासिल गर्न सफल भए भने संसदमा ७१ सिट मध्ये ३७ सिट भारतीय नागरीकहरुको हातमा गयो ।"







६ जुन १९८० (वि.सं. २०३७) को The Qmatesman नामक भारतीय पत्रिकाले नेपालमा बसेका कुल ३८ लाख भारतीयहरु मध्ये २३, ८७, ९७३ ले नेपाली नागरिकता पाईसकेको तथ्यांक सार्वजनिक गरेको थियो । २०५४ सालमा जीतेन्द्रदेवको अध्यक्षतामा गठित नागरिकता वितरण आयोगले ६ दिनभित्र ३४,००० भन्दा बढी गैर नेपालीहरुलाई नागरिकता वितरण गर्‍यो । यो कदमलाई २०५८ साउन ९ को सर्वोच्च अदालतको फैसलाले खारेज गरिदिएको थियो । यसैगरि २०५४ सालमा बामदेव गौतमको गृहमन्त्रालयले स्थानिय निर्वाचन निर्देशिका जारी गरेर स्थानिय चुनावमा उठ्न र भोट हाल्न नागरिकता नचाहिने ब्यवस्था गरेको थियो । यसलाई पनि अदालतको निर्णयले खारेज गरेको थियो । २०५७ जेठमा राज्य ब्यवस्था समितिले पारित गरेको नागरीकता सम्बन्धी निर्णयलाई प्रतिनिधिसभाले पारित गरेर अर्थ विधेयकभित्र घुसाई अनुमोदनका लागि राष्ट्रियसभामा पठाएको थियो तर राष्ट्रिय सभाले फिर्ता पठायो । प्रतिनिधिसभाले पुनः साउन ११ गते त्यसलाई पारित गर्‍यो । यो निर्णय स्वीकृतीका लागि राजाकहाँ पठाए पछि उनले सर्वोच्चमा राय मागे । सर्वोच्चले २०५८ बैशाख १२ मा त्यसलाई गैरसंवैधानिक घोषित गर्‍यो ।

सरकारले प्रायः निर्वाचनअघि घुम्ती शिविरमार्फत् नागरिकता वितरण गर्ने गरे पनि यो दशकौंदेखि विवादास्पद बन्दै आएको छ । पञ्चायतकालमा सूर्यबहादुर थापा प्रधानमन्त्री हुँदा घुम्ती शिविरमार्फत् झण्डै ३० लाख १२ हजारलाई नागरिकता वितरण गरिएपछि विवादास्पद बनेको थियो । अघिल्लो २०६४ को दोस्रो संविधानसभा निर्वाचनताका तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको निर्णयमा ६ सय ६१ सदस्सीय घुम्ती टोली बनाएर २६ लाख १५ हजार ६ सय १५ जनालाई नागरिकता वितरण गरियो । तथ्यांकहरुले प्रष्ट पार्दछ कि इण्डिया नागरिकताको मुद्दामा किन बारम्बार किचलो निकालिरहन्छ ।





**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं